मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## पशुपतिमा जलाइएका शवबाट हड्डी किनबेच गर्ने थप दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पशुपति आर्यघाटमा जलाइएका शवबाट हड्डी र खरानी निकालेर किनबेच गर्ने गिरोहमा संलग्न रहेको आरोपमा थप दुई जना पक्राउ परेका छन् । पक्राउ पर्ने दुवै जना मधेश प्रदेशका रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पक्राउ पर्नेमा सर्लाहीको लालबन्दी नगरपालिका–२ स्थायी घर भई हाल काठमाडौंको बूढानीलकण्ठ नगरपालिका–१२ कपन बस्ने ४२ वर्षीय रामनन्दन ठाकुर र सप्तरी बलानबिहुल गाउँपालिका–६ स्थायी घर भई हाल काठमाडौं महानगरपालिका–७ गौरीघाट बस्ने ४१ वर्षीय मिश्रीलाल यादव रहेका छन् । ठाकुर हड्डी र खरानी खरिद गर्ने मुख्य व्यक्ति हुन् भने यादवले उनलाई यो काममा सहयोग गर्ने गरेका थिए । प्रहरीले ठाकुरको साथबाट प्लास्टिकमा पोको पारिएको हड्डीको धुलो र खरानीजस्तो देखिने वस्तु पनि बरामद गरेको छ । यसअघि प्रहरीले यही आरोपमा गणेशप्रसाद ढकाल र विनायक मैनालीलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको थियो ।

वर्ष ३ • अंक २६५ • २०८२ साल श्रावण ३० गते शुक्रबार • Friday 15, August 2025 • सूर्योदयः बिहान ५:३७ बजे • सूर्यास्तः साँझ ६:४२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# फेरि ब्युँतियो सद्भावना पार्टी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल सद्भावना पार्टी पुनर्गठन भएको छ । बिहीबार पत्रकार सम्मेलन गर्दै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) छाडेका नेता अनिल कुमार झाले सद्भावना पार्टी पुनर्गठनको घोषणा गरे । उनले पार्टीलाई बुधबार मात्रै निर्वाचन आयोगले मान्यता दिएको पनि बताए ।

पार्टीले पत्रकार सम्मेलन गरेर १२ बुँदे सैद्धान्तिक प्रतिवद्धता सार्वजनिक गरेको छ । 'महिला, दलित, मुस्लिम र पिछडावर्ग सहितका मधेशी, पहाडका आदिवासी–जनजाति, रानाथारु एवम् थारुसहितका तराईका आदिवासी–जनजाति, तराईका अल्पसंख्यक, पहाडका दलित, पीछडिएका क्षेत्रका जनतासहित कतिपय वर्गीय र शासकीय पहुँचबाट टाढा रहेका खस–आर्यहरुसमेत आफ्नै देशभित्र सदियौँदेखि, दमन, उत्पीड़न, अन्याय, अत्याचार र सबै प्रकारका विभदको शिकार हुँदै आएका छन्,' पार्टीको विज्ञप्तिमा भनिएको छ, ' राज्यसत्ताका मूलप्रवाहबाट बाहिर पारिएका ती नागरिक समूहहरु सबै प्रकारका विभेद तथा शोषणका विरुद्ध पहिचान, पहुँच, प्रतिनिधित्व, प्रदेश तथा प्राकृतिक श्रोत एवम् राजस्वको बाँडफाडमा समान



अधिकारको लागि संघर्षरत छन् ।'

नेपाल सदभावना परिषद् २०४० सालमा भएको र विभेदविरुद्धको आन्दोलनका साथै देशमा२०४६ सालको प्रजातन्त्रको पुनःस्थापनाको आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेको विज्ञप्तिमा जनाइएको छ । पार्टीले भनेको छ, '२०४७ साल वैशाख ३ गते तदनुसार ई. सन् १९ अप्रैल, १९९० का दिन गजेन्द्र नारायण सिंहको नेतृत्वमा नेपाल सद्भावना परिषद्लाई नेपाल सद्भावना पार्टीमा रुपान्तरित गरिएको थियो, परिषद्को ४२ वर्षको यात्रा र नेपाल सद्भावना पार्टीको ३६ वर्षको यात्रा पार गर्दै नेपाल सद्भावना पार्टीको वर्तमान स्वरुप पुनः ग्रहण गर्दासम्म गरिएका सबै प्रकारका अग्रगामी कार्यको पार्टी स्वामित्व ग्रहण गर्दछ ।'

पार्टीले मधेश आन्दोलनका शहीदहरुको प्रतिमा स्थापना र सम्मान गर्नमा भइरहेको अशोभनीय र अमर्यादित कार्यको भ्रत्सना गर्दै अन्य आन्दोलनका शहीदसरह सम्मान स्थापित गराउन प्रतिबद्धता जनाएको छ । यस्तै, प्राकृतिक श्रोत एवम् राजस्वको बाँडफाडमा समान अधिकारका लागि अर्थात मजबूत संघीयता र अर्थपूर्ण समावेशीकरणको पक्षमा संघर्षरत रहने जनाएको छ । नेपालभित्र समृद्ध मधेश र अधिकार सम्पन्नमधेशी समुदाय भन्ने पार्टीको स्थापित सैद्धान्तिक मान्यताका लागि संघर्षरत रहने जनाउँदै पार्टीलेसंघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट राजनीतिक, आर्थिक, सामाजिक, भाषिक सांस्कृतिक, लैंगिक, क्षेत्रीय, जातीय एवम् सामुदायिक विभेदको अन्त्य एवम् प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघर्षरत रहने जनाएको छ । पार्टीले मधेशमा विगत एक दशकदेखि देखापरेका र हाल बिकराल समस्याको रुप लिइसकेको भूमिगत जलको कमीप्रति गम्भीर हुन सम्बद्ध सबैमा आग्रह गरेको छ । सिँचाइ र खानेपानीको समस्या वन विनासको प्रतिफल भएकाले वातावरण र चुरे संरक्षण, चारकोसे वनको पुर्नसंरक्षण मात्र समाधान भएको पार्टीको दलील छ । मधेशमा खानेपानी संकटको दीर्घकालिक समाधान, मधेशको उर्वर माटोको क्षयीकरण रोक्न, उन्नत कृषि प्रणालीको स्थापना, स्वरोजगार प्रवर्धनका समाधानमुखी प्रयासको आवश्यकतामाथि पार्टीले सम्बद्ध सबैको ध्यानाकर्षण गराएको छ ।

## यादव कांग्रेसमा प्रवेश



मधेसी नेता देवेन्द्र यादव नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीमा २०६४ मा आबद्ध भएका उनी पार्टीमा महासचिवसम्म भएका थिए । पछि राजपा नेपाल बनेपछि उनी महासचिव नै थिए ।

२०७४ को चुनावमा राजपा नेपालले देवेन्द्र यादवलाई टिकट नदिएपछि उनी स्वतन्त्र चुनाव लडेका थिए । पराजित भए । चुनावमा पराजित भएपछि उनी मधेश राजनीतिमा निष्क्रिय थिए । राजनीतिमा निष्क्रिय भएका बेला एकपटक उनी एमालेमा प्रवेश गरेका थिए । तर उनी कांग्रेसमा प्रवेश गरेका छन् । आफू र आफ्नो परिवार पुरानो कांग्रेसी भएको भन्दै उनले अहिले आफू आफ्नो घर फर्केको बताए । उनलाई कांग्रेसमा पार्टी सभापति शेरबहादुर देउवाले स्वागत गरेका छन् ।

## महतो र राईको पार्टीबीच कार्यगत एकता

**मधेशदृष्टि**
**वीरगंज ।**
अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालबीच कार्यगत एकताको सहमति भएको छ । राई नेतृत्वको जसपा र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीले बिहीबार कार्यगत एकता भएको घोषणा गर्दै १८ बुँदे उद्देश्य, १३ बुँदे संगठनात्मक संरचना सञ्चालन विधि र र ६ बुँदे आचारसंहिता पनि सार्वजनिक गरेका छन् । राई र महतोले सहमतिमा हस्ताक्षर गरेका छन् । उनीहरूले पार्टी नै एकता गर्ने गरी कार्यगत एकता गरेको दाबी गरेका छन् । देशलाई अग्रगामी निकास दिन पहिचानसहितको सङ्घीयता र समाजवाद पक्षधर शक्तिहरूको एकताबद्ध पहलकदमी आवश्यकता भएको भन्दै उनीहरुले दुवै पार्टीका साझा मुद्दा, लक्ष्य र




उद्देश्य प्राप्तिका लागि एकता उन्मुख कार्यगत एकता भएको बताएका छन् ।

सहमतिमा तीन तहको संरचनाः केन्द्रीय, प्रादेशिक र स्थानीय तह हुने उल्लेख छ । केन्द्रीय तहमा केन्द्रीय संयोजन समितिमा दुवै अध्यक्षसहित ७–७ जना रहने बताइएको छ । आपसी समन्वय र कार्य सञ्चालनका लागि सचिवालयको प्रावधान छ भने प्रादेशिक तहमा प्रदेश संयोजन समितिमा अध्यक्षहरूसहित ५–५ जना रहने व्यवस्था गरिएको छ ।

स्थानीय तहमा जिल्ला संयोजन समिति रहने र यस समितिमा जिल्ला अध्यक्षसहित ३–३ जना रहने तथा पार्टीका जनवर्गीय÷भ्रातृ सङ्गठनमा आवश्यकतानुसार संयुक्त संरचना निर्माण गर्न सकिने सहमति पत्र बनाइएको छ । दुई दलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै बहुजातीय÷बहुराष्ट्रिय राज्य सुहाउँदो समाजवादको नेपाली बाटो तय गर्ने र समाजवादी लोकतान्त्रिक राजनीपतिक शक्तिको पहलमा समाजको रूपान्तरणको कार्य अगाडि बढाउने प्रमुख उद्देश्य रहेको उल्लेख गरेका छन् ।

सत्यमेव जयते

## भारतको ७९ औं स्वतन्त्रता दिवसको शुभकामना सन्देश



देवी सहाय मिणा
महावाणिज्यदूत

भारतको ७९ औं स्वतन्त्रता दिवसको शुभ अवसरमा, म, बीरगंज स्थित भारतीय महावाणिज्य दूतावासको तर्फबाट नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरूलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु। वाणिज्य दूतावासले पछिल्ला केही समयमा नेपाल-भारत सांस्कृतिक महोत्सव, नेपाल-भारत मैत्री क्रिकेट खेल, राजस्थानी कालबेलिया नृत्य प्रदर्शन, अन्तर्राष्ट्रिय योग दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आदि जस्ता धेरै कार्यक्रमहरू आयोजना गरेको छ। वाणिज्य दूतावासले अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस आदि जस्ता महत्त्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गऱ्यो जसमा उल्लेखनिय रुपमा मानिसहरूको सहभागिता थियो। भारतीय महावाणिज्य दूतावास आफ्ना कार्यक्रमहरूमा भाग लिने र यी कार्यक्रमहरूलाई सफल बनाउने सबैलाई धन्यवाद दिन चाहन्छ। वाणिज्य दूतावासले वातावरण संरक्षणप्रति मानिसहरूमा चेतना बढाउने उद्देश्यले विभिन्न संस्थाहरू, गैरसरकारी संगठनहरू, विद्यालयहरू आदिसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियानहरू पनि आयोजना गऱ्यो।

२. भारत सरकार नेपालको जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नुका साथै नदी तटबन्ध, एकीकृत जाँच चौकी, रेलवे कनेक्टिभिटी निमार्णको क्षेत्रमा सहयोग र सहायता पुऱ्याउन प्रतिबद्ध छ। भारत नेपाल विकास साझेदारी अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा बारा जिल्लाको फेटामा बंगरी नदीमाथि निर्माण गरिएको पुलको उद्घाटन गरिएको छ। हालै, भारत सरकारको तर्फबाट महावाणिज्य दूतावासले मधेश प्रदेशका विभिन्न स्वास्थ्य संस्थाहरूलाई ७ वटा एम्बुलेन्स प्रदान गरेको छ। विभिन्न क्षेत्रमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (HICPDs) पनि कार्यान्वयन भइरहेका छन्।

३. भारतीय महावाणिज्य दूतावासले दुई देश बीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न विभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्दछ। द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउन दुवै देश बीच नियमित उच्च-स्तरीय आदानप्रदानहरू भएका छन्, जसले दुवै देश बीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई पुन: पुष्टि गर्दछ, जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यता र जन स्तरको सम्बन्धमा गहिरो रूपमा जरा गाडेको छ। हालका वर्षहरूमा द्विपक्षीय सहयोगमा उल्लेखनीय प्रगति भएको छ, विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरूमा - भौतिक, डिजिटल, ऊर्जा साथै जन-जन बीचको सम्बन्ध, जुन सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवे का साथै पेट्रोलियम पाइपलाइनहरूसँग सम्बन्धित पूर्वाधार परियोजनाहरूको निरन्तर कार्यान्वयनले प्रकट भएको छ।

४. भारत र नेपाल बीचको सम्बन्ध विश्वमै अद्वितीय छ। भारत र नेपाल बीच साझा सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराहरू छन्। दुवै देश बीच प्राचीन कालदेखि नै गहिरो मैत्रीपूर्ण सम्बन्ध रहि आएको छ। हाम्रा साझा परम्पराहरूले दुवै देशका जनतालाई बलियोसँग जोडेका छन्। महावाणिज्य दूतावासले विभिन्न पहलहरू मार्फत दुवै देश बीचको सम्बन्धलाई अझ उचाइमा पुऱ्याउन प्रयास गरिरहेको छ।

५. आज भारत द्रुत गतिमा बढ्दै छ र विकास गर्दैछ, र विभिन्न क्षेत्रहरूमा उल्लेखनीय प्रगति गरेको छ। भारत आज सबैभन्दा छिटो प्रगति गर्ने प्रमुख अर्थतन्त्रहरू मध्ये एक हो र हाल विश्वको चौथो ठूलो अर्थतन्त्र हो। महावाणिज्य दूतावास भारत र नेपाल बीचको वाणिज्यिक र आर्थिक सम्बन्धलाई अझ बलियो बनाउन प्रतिबद्ध छ। भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुका साथै पर्यटक र लगानीको सबैभन्दा ठूलो स्रोत पनि हो। भारतले आफ्नो "छिमेकी पहिलो" नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई ठूलो महत्त्व दिन्छ र विभिन्न पहलहरू मार्फत नेपाललाई सहयोग र समर्थन गरिरहनेछ।

जय हिंद!

बीरगंज (नेपाल)
५ अगस्ट २०२५

# ५ किलोमिटर कालोपत्रे सडक निर्माणको भूमिपूजन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रदेशसभा सांसद तथा जनता समाजवादी पार्टी नेपालका नेता राम अशिष यादवले धनुषाको शहिदनगरमा ५ किलोमिटर लामो कालोपत्रे सडक निर्माण परियोजनाको भूमिपूजन गरेका छन् । बिहीबार भएको कार्यक्रममा नगर प्रमुख दिनेश प्रसाद यादव र वडा नं. ५ का अध्यक्ष सुरेश कापरले सांसद यादवसँग संयुक्त रूपमा 'एक प्रदेश सभा निर्वाचन क्षेत्र, ५ किलोमिटर कालोपत्रे पक्की सडक निर्माण परियोजना' शुभारम्भ गरेका हुन् । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेटमा बन्ने यस सडकले शहिदनगर नगरपालिका–५, कट्टी विर्तास्थित परिक्रमा सडकदेखि शहिद पथ सिमरापट्टी–पचहर्वा हुँदै हुलाकी राजमार्गसम्मको करिब ५ किलोमिटर दुरीलाई जोड्नेछ । पूर्वाधार विकास कार्यालय धनुषाका अनुसार सडक निर्माणको जिम्मा ठेकेदार शैलेन्द्र साहको टोलीले लिएको छ । कार्यक्रममा बोल्दै सांसद यादवले ग्रामीण क्षेत्रको दिगो विकासका लागि गुणस्तरीय सडक पूर्वाधार अनिवार्य भएको बताए । उनले मधेश प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले शुरु गरेको गौरवको परियोजनालाई वर्तमान सरकारले पनि निरन्तरता दिइरहेको उल्लेख गरे । विशिष्ट अतिथि नगर प्रमुख यादवले कालोपत्रे सडक बनेपछि स्थानीय बासिन्दालाई एक पालिकाबाट अर्को पालिकामा आवतजावत सहज हुने बताए । वडा अध्यक्ष कापरले यो सडक निर्माणलाई शहिदनगरको लागि महत्वपूर्ण उपलब्धि भने ।

भूमिपूजन कार्यक्रममा पूर्वाधार विकास कार्यालय धनुषाका प्राविधिक इन्जिनियर संजित ठाकुर, समाजसेवी राम लखन पासवान, राजदेव पासवान, राम दयाल सदा, राम अशिष मुखिया, वौऐलाल महरा, राम दयाल साह, धनेश्वर साह, सागर दास लगायत स्थानीयबासीको उपस्थिति रहेको थियो ।

# सशस्त्र प्रहरी नायव निरीक्षक रमेश थापालाई सम्मान

**राहुल गुप्ता**
**बारा ।**
अनलाइनखबरद्वारा घोषित '४० मुनिका ४० युवा २०८२' मा स्थान सुरक्षित गर्न सफल गोताखोर सशस्त्र प्रहरी नायव निरीक्षक रमेश थापालाई सशस्त्र प्रहरी बल नेपालले विशेष सम्मान प्रदान गरेको छ । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी प्रधान कार्यालय, हलचोकमा आयोजित कार्यक्रममा थापालाई 'आईजी एपीएफ कमेण्डेसन' बाट सम्मान गरेका हुन् । थापा नेपाली सुरक्षा



निकायभित्रका कुशल गोताखोरका रूपमा परिचित छन् । उनले देशभरका डुबान तथा उद्धार कार्यमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । सामाजिक उत्तरदायित्वमा समर्पित र जोखिमपूर्ण परिस्थितिमा उल्लेखनीय योगदान पुर्याएका कारण उनलाई अनलाइनखबरले '४० वर्ष मुनिका प्रेरणादायी ४० युवा' मा छनोट गरेको हो । आईजी अर्यालले थापाको समर्पण, निष्ठा र सेवाभावप्रति प्रशंसा व्यक्त गर्दै यस्ता उदाहरणीय व्यक्तित्वहरूबाट संस्थाले गर्व महसुस गर्ने बताए । उक्त कार्यक्रममा सशस्त्र प्रहरीका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो ।

# ओमानस्थित जय इन्टरनेशनल फाउण्डेशनको अध्यक्षमा धनुषाका दाहा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको भातृ संगठन जय इन्टरनेशनल फाउण्डेशन, ओमानको अध्यक्षमा धनुषाधाम नगरपालिका–५, पर्वताका सुनिल कुमार दाहा चयन भएका छन् । ग्लोबल युथ नेटवर्कको रूपमा स्थापित सो फाउण्डेशनको नेतृत्व अब दाहाले सम्हाल्ने भएका हुन् । सामाजिक सेवा र मानवीय सहयोगका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जय नेपाल फाउण्डेशन युथ नेटवर्कले नेपालका विपन्न परिवार र बालबालिकालाई समय–समयमा आर्थिक तथा सामग्री सहयोग गर्दै आएको छ ।

घर निर्माणदेखि शैक्षिक सहयोगसम्मका गतिविधिमा सक्रिय सो संस्था ओमानमा रहेका नेपाली युवाहरूको पहलमा सञ्चालित छ । दाहा अध्यक्ष पदमा चयन भएपछि विभिन्न राजनीतिक, सामाजिक र प्रवासी संघसंस्थाले उनलाई बधाई तथा शुभकामना दिएका छन् । उनका अनुसार आगामी कार्यकालमा फाउण्डेशनको सामाजिक सेवालाई अझ विस्तार गरी नेपालका दुर्गम क्षेत्रमा समेत सहयोग पुर्याउने योजना रहेको छ ।

# जबर्जस्ती गरिएको वृक्षारोपण तत्काल रोक्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका–१ स्थित एलानी पर्ती (गौचरन) मा जबर्जस्ती वृक्षारोपण गरिएको भन्दै तत्काल रोक्न माग गरिएको छ ।

तोकिएको वृक्षारोपण कार्यक्रम रोक्न भन्दै नेकपा माओवादीका सरिफ गद्दी, जनमत पार्टीका ब्रीजेस प्रसाद चौधरी, नेकपा एमालेका कृष्ण मोहन प्रसाद यादवसहित स्थानीय बासिन्दाहरूको टोलीले जिल्ला प्रहरी कार्यालय पर्साका एसपी गौतम मिश्रलाई ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा उल्लेख भएअनुसार, उक्त पर्ती गाई–भैंसी चराउने स्थान (गौचरन) भएकाले खुला नै राख्नुपर्ने माग गरिएको छ ।

गाउँपालिकाका प्रमुख श्रीकान्त प्रसाद यादवले पनि सो पर्तीमा वृक्षारोपण गर्न लागेको जानकारी दिएका थिए भने पूर्व गाउँपालिका प्रमुख जालिम मियाले गौचरन पर्तीमा कुनै हालतमा वृक्षारोपण गर्न नदिने चेतावनी दिएका छन् । स्थानीयको भनाइमा गौचरनको संरक्षण गर्नु गाउँको परम्परा र पशुपालन दुवैका लागि जरुरी भएको हुँदा वृक्षारोपणको निर्णय तत्काल खारेज गर्नुपर्ने बताइएको छ ।

# कृष्ण मन्दिर परिसरमा सरसफाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
श्रीकृष्ण जन्माष्टमी र भिमसेन जात्राको अवसरमा वीरगंज–४ स्थित विर्तामाई र कृष्ण मन्दिर परिसरमा विशेष सरसफाइ कार्यक्रम सम्पन्न भएको छ । वीरगंज युवा समाजको आयोजना तथा विर्तामाई मन्दिर संरक्षण समिति र सामुदायिक प्रहरी बिर्ताको सहयोगमा भएको उक्त कार्यक्रममा वडाअध्यक्ष तथा मन्दिर समितिका अध्यक्ष जगत साह कानु, वडासदस्य जुलुम खडकी, वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह, फोटो पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष पंकज श्रेष्ठ लगायत स्थानीय समाजसेवी, क्लब प्रतिनिधि र युवाहरूको सहभागिता रहेको थियो । वीरगंज युवा समाजका अध्यक्ष संजीव थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि कानुले वीरगंज युवा समाजले विगत १३ वर्षदेखि समाजका विकृति, विसङ्गति र कुरितीविरुद्ध लड्दै आपतकालीन सेवा र सामाजिक अभियानमा अग्रणी भूमिका खेलेको भन्दै धन्यवाद व्यक्त गरे । सो अवसरमा अध्यक्ष थापाले परिवर्तनको लागि प्रतिबद्ध रहि चाडपर्वको अवसरमा सरसफाइ, रक्तदान, स्वास्थ्य शिविर, असहायलाई सहयोग र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिँदै आएको र आगामी दिनमा अझ प्रभावकारी रुपमा समाज र देशको सेवा गर्ने प्रतिवद्धता व्यक्त गरे ।

## गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| मजडिहा पिप्रा ०८,पर्सा | ३०९ | ०-०-१०-० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ भाद्र १३ गते शुक्रवार दिउँसो ३:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ भाद्र १५ गते आइतबार दिउँसो ४:०० बजे( १६ औ दिन बिदा परेकोमा)**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# बैंकिङ क्षेत्रका चुनौतीबारे छलफल



**कुमार प्रणय**
**वीरगंज ।**
बैंकिङ क्षेत्रका प्रमुख चुनौती, ग्राहकले भोगिरहेका समस्या तथा समाधानका उपायबारे विस्तृत छलफल गरिएको छ । नेपाल राष्ट्र बैंक वीरगंजले आयोजना गरेको कार्यक्रममा मधेश प्रदेशमा वित्तीय समावेशीता प्रवद्र्धन रणनीति सम्बन्धी मधेश प्रदेशभरका क्षेत्रीय कार्यालय, शाखाका प्रमुख, उद्योगी तथा अन्य निकायका प्रतिनिधीहरु संग व्यापक र विस्तृत छलफल गरिएको थियो । नेपाल राष्ट्र बैंक वीरगंजका निर्देशक सुशिल पौडेलले कार्यपत्र प्रस्तुत गर्दै मधेश प्रदेशमा वित्तीय साक्षरताको अवस्था, त्यसलाई प्रवद्र्धन गर्ने चुनौती तथा सम्भावित उपायहरुबारे जानकारी दिए । उनले बैंकिङ क्षेत्रमा देखापरेका समस्या र ग्राहकका पीडाबारे बताउँदै वित्तीय सेवा सबैसम्म पुग्नका लागि सहुलियत, पहुँच र पारदर्शिता बढाउनुपर्ने आवश्यकता रहेको बताए । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले मधेशमा वित्तीय पहुँच विस्तारका लागि निजी क्षेत्रको सक्रियतासमेत आवश्यक रहेको बताए । उनले निजी क्षेत्र र सरकारी निकायबीचको प्रभावकारी समन्वयबिना वित्तीय समावेशीताको लक्ष्य हासिल गर्न कठिन रहेको भन्दै सीमावर्ती व्यापार, महिलामैत्री बैंकिङ सेवा, तथा वञ्चित समुदायका लागि लक्षित कर्जा योजनालाई अझ प्रभावकारी बनाउनु पर्ने कुरामा जोड दिए । नेपाल राष्ट्र बैंकका सहायक निर्देशक नरेश सर्राफले मधेशमा वित्तीय साक्षरताको कमीलाई जनस्तरमा सचेतना जगाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताए । कार्यक्रममा शिक्षाविद् इन्दुशेखर मिश्र, वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मावध राजपाल, उपाध्यक्ष आशिष लाठ, पत्रकार प्रणय कुमार, प्राध्यापक किशोरी राय यादव लगायतले आ–आफ्नो धारणा राखेका थिए ।

# भारतीय स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा वीरगंजमा 'कथाकली' नृत्य

**वीरगंज ।**
भारतको ७९औँ स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा वीरगंजमा बुधबार भारतीय कला संस्कृति झल्किने 'कथाकली' नृत्य प्रस्तुत गरिएको छ । काठमाडौँस्थित भारतीय दूतावास र भारतको महावाणिज्य दूतावास वीरगंजको आयोजनामा बुधबार बेलुका यहाँ नृत्य प्रस्तुत गरिएको छ ।
भारतको केरला राज्यमा निकै प्रख्यात मानिएको महाभारतको कथामा आधारित कथाकली नृत्यु केरलाबाट आएका नौ जना कलाकारले प्रस्तुत गरेका थिए । कार्यक्रममा उपस्थित मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद



जयसवालले नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धबारे चर्चा गरेका थिए । 'नेपाल र भारतबीच सदियौँदेखि सांस्कृतिक र भावनात्मक सम्बन्ध रहँदै आइरहेको छ', उनले भने, 'जसकारण दुवै मुलुकबीच सौहार्दपूर्ण सम्बन्ध रहँदै आइरहेको छ ।
यसलाई थप सुदृढ गर्दै आपसी सद्भाव र सामजज्यता कायम गर्न आवश्यक छ ।'
वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहले नेपाल र भारतबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउँदै लैजानुपर्ने बताए । भारतको महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मिणाले भारत र नेपालबीच सदियौँदेखि सामाजिक र सांस्कृतिक सम्बन्ध कायम रहँदै बताए ।
'भारतीय स्वतन्त्रता आन्दोलनमा पनि नेपालका तर्फबाट उल्लेखनीय भूमिका निर्वाह गरिएको छ', उनले विगत स्मरण गर्दै भने, 'दुवै मुलुकबीच भाइचारा र सांस्कृतिक आदानप्रदान हुँदै आइरहेको छ ।
यो निकै प्रशंसनीय कार्य हो । यस सम्बन्धलाई अझै प्रगाढ बनाउन भारत प्रतिबद्ध छ ।' कार्यक्रम इन्डियन काउन्सिल फर कल्चरल रिलेसनको संयोजनमा भएको हो । रासस

# बंगलादेशबाट नेपाल आएकी युवतीको गतिविधि शंकास्पदः आलम

**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाको गौर नगरपालिका वड़ा नम्बर–६ सबगढा निवासी मो. आफताब आलमले बंगलादेशबाट नेपाल आएकी युवतीको गतिविधि शंकास्पद रहेको बताएका छन । नेपाल पत्रकार महासंघ रौतहट शाखाले गौरमा पत्रकार सम्मलेन गरी आलमले बंगलादेशबाट भ्रमण भिजामा नेपाल आएकी युवतीले आफ्नो घरपरिवारका व्यक्तिलाई मानसिक रुपमा यातना दिने प्रयास गर्दै आएको आरोप लगाए । आलमले आफ्नो भाई मोहमद महताब आलमसँग विद्युतीय माध्यममार्फत विवाह गरेको भन्दै घरमा अनधिकृत रुपमा प्रवेश गर्ने षडयन्त्र गर्ने गरेको बताए । वैदेशिक रोजगारको शिलशिलामा कुवेतमा रहेका भाई महताब आलमसँग सामाजिक सञ्जालमार्फत चिनजान गरी विवाह गरेको झूठो बहाना बनाई घरमा शरण लीन दुष्प्रयास गरिरहेको पीड़ितको भनाइ छ । बंगलादेशको मोकीमपुर मिठापुकुर गोपालपुर ठेगाना बताउने लाबोनी बेगम नाम रहेकी युवतीले गाउँमा आएर भाईसँग अनलाईन विहे गरेको झूठो दावी गर्दै आएको प्रष्ट पार्दै उनले शंकास्पद गतिविधि देखिएकी




युवतीमाथि छानविन गर्न स्थानीय प्रसाशनसँग मागसमेत गरे । उनले घरमा प्रवेश गरि आफ्नो पारिवारिक व्यक्तिहरूको फोटो खिच्ने कार्य गरेकोले कुनै प्रतिवन्धित संगठनको जाशुस हुन सकने शंका व्यक्त गरे । सीमावर्ती क्षेत्र भारतको बैरगनिया सधँ गोप्य रुपमा आउने जाने गरेको बताए । आलमले प्रशासनलाइ जानकारी गराउँदा उनलाई हिरासतमा लिएर अनुसन्धान गर्नुको साटो उल्टै आफुहरुलाई नै थर्काउने कार्य गरिरहेको आरोप लगाए । बंगलादेश मेरो भाई कहिले पनि नगएको अवस्थामा बंगलादेशमा कानूनी विवाह कसरी गर्यो उनले प्रश्न गरे । युवतीसँग आफ्नो आमा बुवाको पहिचानबारे सोध्दा पहिचान गराउन इन्कार गर्ने गरेकोले शंका उत्पन्न भएको आलमको कथन छ । विदेशी नागरिक आएर शंकास्पद गतिविधि गरिरहँदा निर्वाचित जनप्रतिनिधि समेतले उसलाई सहयोग गरिरहेको बताउँदै सहयोग गर्ने समेत ऊपर छानविन हुनुपर्ने माग उनको छ । चिनजान समेत नभएको युवती नेपाल आउनु भन्दा पहिला जॉर्डन लगायत अन्य देशमा पनि गएको बुझिएको छ । एक महिना पहिला घरमा आएकी उक्त युवतीलाई सम्झाई बुझाई बंगलादेश फर्काइएको बताउँदै पुनः एक महिनाको भ्रमण भिजाको म्याद लिएर गौर आएकी युवतीको कारण घरपरिवार घर बाहिर बस्न बाध्य भएको दुखेसो पोखे ।
आलमले भाईलाइ नक्कली प्रेम जालमा परेर अवैध रुपमा सम्पति कब्जा गर्ने, आर्थिक लाभ लिने, घर परिवारलाई मानसिक रुपमा तनाव दिने, राजनीतिक आडमा आफ्नो अवैध गतिविधि सञ्चालन गर्ने उदेश्य लिएको बताए । छिमेकी मुलुक भारतमा बंगलादेशबाट आएका नागरिकहरुले भेष परिवर्तन गरी बस्दै गरेको अवस्थामा प्रशासनले कति जना बांगलादेशी नागरिकलाई नियन्त्रणमा लिएर छानबिन गर्ने गरेको उदाहरण दिँदै आलमले गौरमा खुलेआम घुम्ने गरेकी युवतीलाई स्थानीय प्रशासनले तुरन्त नियन्त्रणमा लिएर गहन रुपमा छानबिन गर्नु पर्ने माग गरे ।

# वीरगंजका विभिन्न अस्पतालहरूमा रगतको अभाव

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका विभिन्न अस्पतालहरूमा हाल रगतको अभाव तीव्र बनेको छ । लगातारका दुर्घटना, आकस्मिक शल्यक्रिया र गम्भीर बिरामीको उपचारका लागि आवश्यक रगत नपाउँदा स्वास्थ्यकर्मीहरू चिन्तित भएका छन् । वीरगंजस्थित रक्तसञ्चार केन्द्रका अनुसार पछिल्ला केही दिनयता रगतदान गर्ने व्यक्तिहरूको संख्या घट्दा बी–पोजिटिभ, ओ–नेगेटिभसहितका केही समूहमा अत्यधिक कमी आएको छ । यसले गर्दा आकस्मिक अवस्थामा बिरामीहरूलाई रगत आपूर्ति गर्न कठिनाइ भइरहेको छ । स्वास्थ्यकर्मीहरूले स्वेच्छिक रगतदान अभियानमा सक्रिय रूपमा सहभागी हुन स्थानीय बासिन्दा, सामाजिक संस्था र युवाहरूलाई आग्रह गरेका छन् । उनीहरूका अनुसार समयमै रगत उपलब्ध भए जीवन बचाउन सकिने भए पनि अभावका कारण धेरै बिरामी जोखिममा पर्न सक्ने अवस्था छ ।

# पर्सा कारागारमा दरबन्दी छ चिकित्सक छैनन्

**वीरगंज ।**
जिल्ला कारागार पर्सामा एक जना चिकित्सकको दरबन्दी भए पनि वर्षौंदेखि त्यो रिक्त छ । कारागारमा सातौँ वा आठौँ तहको एक जना मेडिकल अधिकृतको दरबन्दी भए पनि हाल त्यहाँ एक जना 'हेल्थ असिस्टेन्ट' ले मात्रै स्वास्थ्य सेवा प्रवाह गर्दै आएका छन् । वीरगंज कारागारमा वीरगंज महानगर–२५ का राहुल साह तुरहाको गत मङ्गलबार व्यायाम गर्दा स्वास्थ्यमा जटिल समस्या भएर नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएपछि कारगारमा नियमित स्वास्थ्य परीक्षण एवम् दरबन्दीअनुसार चिकित्सकको व्यवस्था हुनुपर्ने विषय सार्वजनिक भएको हो ।



जिल्ला कारागार प्रमुख खिमराज भुसालले कारागार व्यवस्थापन विभागसमक्ष दरबन्दीअनुसारको मेडिकल अधिकृतको व्यवस्था गर्न पत्राचार गरेको बताए । वीरगंज कारागारमा स्वदेशी एवम् विदेशी थुनुवा र कैदी गरी एक हजार ३१० जना छन् ।
कारागारमा महिला कैदी पाँच जना, महिला थुनुवा ४२ जना र दुई जना आश्रित बालिका छन् । विदेशी थुनुवा र कैदी १९९ जना छन् । कारागार ऐन, २०७९ मा ५०० जनाभन्दा बढी बन्दी रहने प्रत्येक कारागारमा तोकिएबमोजिमको श्यया रहेको एउटा अस्पताल र सोभन्दा कम बन्दी रहने कारागारमा एउटा स्वास्थ्यचौकीको व्यवस्था गर्नुपर्ने व्यवस्था छ । रासस

# मधेश प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिले बढुवामा समस्या

**जनकपुरधाम ।**
मधेश प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिका कारण मधेश प्रदेश अन्तर्गतका १०औँ तहका कर्मचारीको बढुवामा समस्या देखिएको छ । संघबाट प्रदेशमा आएका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिमको आवश्यक्ता नरहेको मधेश प्रदेश निजामति ऐन २०७७ को दफा नं १२५मा उल्लेख छ । सो ऐनमा संघबाट समायोजन भएर आएका कर्मचारीलाई सङ्घीय सरकारले दिएको सेवा सुविधा सरह प्रदेश सरकारले दिने जनाइएको छ । सङ्घीय निजामती सेवा ऐनमा पनि स्वास्थ्यतर्फका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिमको आवश्यक्ता नरहेको उल्लेख छ । तर, मधेश प्रदेश लोक सेवा आयोगले समायोजनबाट आएका कर्मचारीलाई सेवाकालीन तालिम नभएसम्म बढुवा नहुने प्रावधान राखेपछि बढुवा अवधि पुगेका १०औँ तहका कर्मचारी समस्यामा परेका हुन् । सो समस्याबाट पीडित वरिष्ठ स्वास्थ्य प्रशासक नवलकिशोर झाले संघबाट आएका कर्मचारीलाई सेवाकालीन तालिमको आवश्यक्ता नरहेको मधेशको निजामती सेवा ऐनमा उल्लेख भएपनि सेवाकालीन तालिमको विषय राखेर बढुवामा रोक लगाउनु न्यायोचित नभएको गुनासो गरे । यस विषयमा आफूले प्रदेश लोक सेवा आयोगमा उजुरीसमेत दर्ता गराएर सो विषय हटाउन तथा बढुवाको प्रक्रिया अगाडि बढाउन माग गरेको उनले जानकारी दिए । यसअघि मधेश प्रदेश लोक सेवा आयोगले समायोजनबाट आएका सेवाकालीन तालिम नपाएका छैटौँ देखि ११औँ तहसम्मका २० भन्दा बढी कर्मचारी बढुवासमेत गरिएको थियो । उच्च अदालत जनकपुरले पनि प्रदेशमा समायोजन भएर आएको कर्मचारीलाई सेवाकालीन तालिमको आवश्यक्ता नरहेकाले प्रदेशका कर्मचारीले सो अदालतमा गरेको निवेदनको आधारमा बढुवा गर्न फैसला गरेको नजिर रहेको वरिष्ठ स्वास्थ्य प्रशासक झाको भनाइ छ । रासस

# दन्त शिविरमा चार सय बालबालिकाको परिक्षण



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको ईशनाथ नगरपालिका वड़ा नम्बर–३ औंरैयास्थित महावीर आधारभूत छात्रा कन्या विद्यालयमा बिहीबार एक दिवसीय निःशुल्क दन्त स्वास्थ्य शिविर सम्पन्न भएको छ ।
कॉलेज अफ मेडिकल साइन्स भरतपुरको प्राविधिक सहयोग र समाजवादी विद्यार्थी युनियन नेपालको आयोजनामा विद्यालयमा अध्ययन गर्ने बालबालिकाको दाँत परिक्षण गर्ने उद्देश्यले शिविरको आयोजना गरिएको हो । जनता समाजवादी पार्टी नेपालका प्रदेश सांसद शोभा देवी साहले उद्घाटन गरेको दन्त शिविरमा दन्त चिकित्सकद्वारा चार सय बालबालिकाको परिक्षण गरिएको आयोजक संस्थाका केन्द्रीय सचिवालय सदस्य ललन यादवले जानकारी दिए । शिविरमा डाक्टर रोजीना भटराई, कोनिस्टिका झा, स्नेहाशीष घोष, विक्की कुमार गुप्ता, दीक्षा गौतम, नैतिक सिंह, दृष्टि शर्मा, रिया प्रधानले बालबालिकाको दाँतको परिक्षण गरेका थिए । बालबालिकाको दाँतमा देखिएका समस्याको लागि औषधि समेत उपलब्ध गराइएको आयोजक संस्थाले जनाएको छ ।

सम्पादकीय

# मल आपूर्ति कहिले सहज हुन्छ ?

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले मल आपूर्ति सहज बनाउने विषय उच्च प्राथमिकतामा रहेको जवाफ दिएका छन् । प्रतिनिधिसभाको बैठकमा उनले मन्त्रालयको कार्यसम्पादनमध्ये प्रमुख कार्यदिशमा अनुदानमा वितरण गरिने रासायनिक मलको आपूर्ति व्यवस्थापन सहज बनाउने लक्ष्य रहेको दोहोर्‍याए । तर बेलामा किसानले मल पाउन सकेका छैनन् । मधेशका प्रत्येक जिल्लाको किसानको मल नपाएको पीडाको समाचार नआएको दिन छैन । मन्त्रीले भने बारम्बार टेण्डर फेल भई मल समयमा नआउने अवस्था कम गर्न सार्वजनिक खरिद नियमावलीको १४औँ संशोधनबाट मल खरिदका लागि केही विशेष व्यवस्था थप गरिएको भनेर टारे पनि समस्या हल भएको छैन।

हाल वार्षिक मलको माग करिब १३ लाख टन छ । चालु आवमा छ लाख टन आपूर्ति गर्ने सरकारको योजना थियो। मलमा अत्याधिक अनुदान रहेका कारण उपलब्ध बजेटले माग सम्बोधन हुने गरी मल ल्याउन नसकिएको सरकारको जवाफ छ । मागको आधा मल पनि ल्याउन नसक्ने सरकारको अवस्था देखेरै मलको कालोबजारी छ । युरियामा ८२ प्रतिशत, डिएपीमा ६४ प्रतिशत र पोटास मलमा ४९ प्रतिशत अनुदान व्यवस्था छ। ९० प्रतिशत मल वैज्ञानिक आधारमा जहाँ बढी खपत हुन्छ त्यही बढी आपूर्ति गरिने गरी प्रदेश सरकारमार्फत वितरण गरिन्छ । खेतीयोग्य जमिन, सिँचाइ सुविधाको अवस्था, बाली सघनता, विगतमा मलको खपतको अवस्था र हाल माग भएको परिमाणको आधारमा प्रदेशको कोटा तोकिन्छ । बाँकी १० प्रतिशत बफर स्टकको रूपमा राखिन्छ र त्यो पनि प्रदेश मल व्यवस्थापन समितिको सिफारिसको आधारमा मन्त्रालयले बाँडफाँड गर्छ।

देशभरका ६४ मल डिपोबाट ११ हजारभन्दा बढी डिलरशिप लिएका सहकारी तथा एग्रोभेट र निजी फर्मले मल बुझी लगेर कृषकलाई बिक्री वितरण गर्दछन् । दैनिक करिब दुई हजारदेखि दुई हजार ५०० मेट्रिकटन मल डिलरले डिपोबाट बुझिरहेका छन् । फेरि पनि यो तथ्यांक देशमै खेती गरेर बाँचौ भन्ने किसानका लागि परको विषय बनेको छ । यस वर्ष चार लाख ९१ हजार मेट्रिकटन मल आयात भएको छ । जुन किसानलाई मन्दिरमा प्रसाद बाँडेजस्तो मात्रै हुने पक्का छ । अनि कसरी देशमा उत्पादन हुन्छ ? मन्त्रालयले पाएको अनुदान बजेटको सबै रकम २६ अर्ब ८३ करोड रुपैयाँ (९८ प्रतिशटत) सकिएको छ।

# नेपाली क्रिकेटको अष्ट्रेलिया यात्रा र विश्वकपको तयारी



राजु सिलवाल

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टिमका लागि यो वर्ष चुनौतीपूर्ण मानिएको छ । 'टि द्वान्टी' विश्वकप क्रिकेट प्रतियोगितामा जसरी भए पनि छनोट हुनुपर्ने चुनौती नेपाली क्रिकेट टिमलाई रहेको छ । नेपालले सन् २०१४ मा पहिलोपटक तत्कालीन कप्तान पारस खडकाको नेतृत्वमा टि द्वाण्टी विश्वकप खेलेको थियो । दोस्रो पटक पुन सन २०२४ मा विश्वकपमा उत्साहजनक प्रदर्शन गरेको नेपाललाई तेस्रो पटक विश्वकपमा प्रवेश दिलाउन हाल नेपाल क्रिकेट सङ्घ क्यानमा सचिवको जिम्मेवारी सम्हालिरहनु भएका खडकासहितका पदाधिकारीको काँधमा आएको छ । यो वर्ष अक्टोबरमा ओमानमा आइसिसी पुरुष टि द्वान्टी विश्वकपका लागि एशिया तथा पूर्वी एशिया प्रशान्त क्षेत्रको छनोट प्रतियोगिता सञ्चालन हुँदैछ । छनोट प्रतियोगितामा सहभागी हुने कूल नौ टिममध्ये अग्रपङ्तिमा रहेका तीन मुलुक आगामी विश्वकपका लागि छनोट हुनेछन् । नेपालले विश्वकपमा छनोटका लागि समूह चरणमा कुवेत र जापानको सामना गर्नु पर्नेछ ।

नेपालले यसअघि सन् २०२४ को विश्वकपमा राम्रो प्रदर्शन गरेर जुनस्तर स्थापित गरेको थियो त्यसको आधारमा नै आगामी विश्वकपका लागि पनि छनोट हुन सक्ने आँकलन गरिएको छ । अमेरिका तथा वेष्ट इण्डिजमा भएको सो विश्वकपमा नेपाल दोस्रो चरणमा पुग्न नसके पनि दक्षिण अफ्रिका तथा बङ्गलादेशजस्ता मुलुकसँग झिनो अन्तरले पराजित हुनु त्यति सहज थिएन । केही दिनअघि भारतको बेङ्गलोरमा भएको प्रशिक्षण पनि राम्रो भएको र अब अष्ट्रेलियामा नेपालले टप इण्ड टि द्वाण्टी क्रिकेट प्रतियोगितामा उचित प्रदर्शन गर्ने तयारी भएको छ । नेपालले अष्ट्रेलियाका विभिन्न टिमलगायत पाकिस्तान र बङ्गलादेशजस्ता बलिया टिमसंग खेल्न पाउनाले थप अनुभव हासिल हुनेछ ।

गत मार्चमा नेपाली राष्ट्रिय क्रिकेट टिमको मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हाल्नु भएका अष्ट्रेलियाली नागरिक स्टुवार्ट लको प्रशिक्षणमा नेपाली क्रिकेट टिम अष्ट्रेलिया पुगेको छ । उहाँ अष्ट्रेलियाको राष्ट्रिय टिमका पूर्वब्याटर हुनुहुन्छ । नयाँ प्रशिक्षक स्टुवार्टले अष्ट्रेलियाबाट सुखद् सुरुवात गर्नुहुने अनुमान गरिएको छ । नेपालले आगामी विश्वकपको छनौट चरणको तयारी स्वरुप अष्ट्रेलियाको डार्बिनमा अगष्ट १४ देखि अगष्ट २४ सम्म आयोजना हुने टप एण्ड टि द्वाण्टी क्रिकेट प्रतियोगितामा केही शिर्ष अन्तरराष्ट्रिय तथा घरेलु टोलीको सामना गर्नेछ । उक्त प्रतियोगितामा नेपालले पहिलो पटक भाग लिन लागेको हो । आगामी विश्वकपको छनोटको तयारीको रूपमा यस प्रतियोगितालाई हेरिएको छ । नेपालले पहिलो खेल अष्ट्रेलियाको नर्दन टेरिटोरी स्ट्राईकसँग शुक्रबार पहिलो खेल खेल्दैछ ।

यसअघि नेपालले यसै वर्ष नेदरल्याण्डस तथा स्कटल्याण्डविरुद्ध टि द्वाण्टी श्रृङ्खला खेलेर दोस्रो स्थान हासिल गरेको थियो । विश्वकप छनोट खेल्नुअघि नेपाली टिमले यही सेप्टेम्बरमा सारजाहाँमा वेष्ट इण्डिजसँग खेल्ने मैत्रीपूर्ण श्रृङ्खलाले पनि नेपाली खेलाडीलाई थप खेल कौशल सिक्ने अवसर प्राप्त हुने आशा गरिएको छ । नेपाली खेलकुद क्षेत्रमा आज क्रिकेट खेल अग्रणी खेलका रूपमा स्थापित भइसकेको छ । क्रिकेटको माध्यमबाट आज विश्वमा नेपालको बेग्लै परिचय बनेको छ । राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत रहेका सयौँ खेल सङ्घमध्ये खेल गतिविधि तथा उपलब्धिका हिसाबले नेपाल क्रिकेट सङ्घलाई सफल सङ्घ मानिएको छ ।

नेपाली टिममा बिगतमा अष्ट्रेलियामा खेल अनुभव बटुलिसकेका लेग स्पिनर सन्दिप लामिछाने पनि टिममा हुनाले टिमलाई सहज भएको छ । अष्ट्रेलियाका क्लबका साथै खेलाडीहरुसँगसमेत लामिछाने परिचित हुनुहुन्छ । लामिछानेले अष्ट्रेलियामा व्यावसायिक खेलाडीका रूपमा स्थानीय क्लबसँग अनुबन्ध भई खेलको अनुभव बटुलिसक्नु भएको छ । अष्ट्रेलियाको फेन्चाइज टि द्वान्टी लिग बिग ब्यास बिबिएलमा लामिछाने सहभागिता रहको थियो । अष्ट्रेलियाको मेलबर्न स्टार्स, होबर्ट हुरिकान्सजस्ता क्लबमा उहाँ आबद्ध हुनुभएको थियो । सन् २०१६ मै अष्ट्रेलियाका पूर्वकप्तान माइकल क्लार्कको रोजाईमा पर्नु भएका सन्दिप लामिछानेलाई सिड्नीको वेष्ट्र्न सबर्ब क्लबमा खेल्न आमन्त्रण गरिएको थियो । हाल क्यानसँग केन्द्रीय सम्झौतामा नरहनु भए पनि लामिछाने निरन्तर नेपाली राष्ट्रिय टिममा आबद्ध रहीआउनु भएको छ । लामिछानेको खेलको कदर गर्दै उहाँको गृह जिल्ला स्याङ्जाको थाप्ले गाँउपालिकामा क्रिकेट रङ्गशाला बनाउन सुरु गरिनुका साथै कक्षा ४ को पाठ्यक्रममा लामिछानेको जीवनी पनि समावेश गरिएको छ ।

विगतमा भएका कयौँ महत्वपूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा कुशल खेलको माध्यमबाट योगदान गर्दै आउनु भएका ललित राजवंशी मुलुकले अन्तराष्ट्रिय प्रतिस्पर्धा गरिरहँदा मातृशोकमा हुनुहुन्छ । पारिबारिक शोकमा पर्नु भएका ललित अष्ट्रेलिया प्रस्थान गर्न असमर्थ हुनुभएपछि टिममा शाहब आलमलाई टिममा समावेश गरिएको थियो ।

नेपाली राष्ट्रिय क्रिकेट टिम अष्ट्रेलिया प्रस्थान गर्नुअघि नै नेपाल प्रिमियर लिग एनपिएलको आगामी संस्करणकोलागि खेलाडीको अक्सन हुनाले पनि खेलाडीको मनोबल बढन गएको छ । खेलाडी भएर जीवन यापन गर्न धौधौ पर्ने मुलुकमा एउटै प्रतियोगितका लागि लाखौँ रुपैँया पारिश्रमिक घोषणा गरिनाले खेलाडी उत्साहित भएका थिए । एनपिएलमा सहभागी हुने आठ वटै टिमका लागि राष्ट्रिय टिमका आठ जना खेलाडीका रूपमा चयन गरिएको थियो । उनीहरुले गतवर्ष जस्तै लाखौँ पारिश्रमिक पाउने निश्चित भए पनि रकम भने सार्वजनिक गरिएको छैन । अक्सनबाट भने कूल ९१ जना खेलाडी छानिएका थिए । उनीहरुले न्यूनतम् दुई लाखदेखि १५ लाख रुपैयाँसम्म पारिश्रमिक पाउने घोषणा गरिएको थियो ।

अष्ट्रेलियामा हालै आयोजित एउटा क्रिकेट प्रतियोगिताको समापनका अवसरमा नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वप्रमुख प्रशिक्षक जगत टमाटालाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएको थियो । अष्ट्रेलियामा रहेको सगरमाथा क्रिकेट क्लब प्रथम भएको उक्त सामुदायिक प्रतियोगिताको समापनका बेला प्रशिक्षक टमाटाले नेपालको क्रिकेटको विकासमा आबद्ध भइसकेका विभिन्न व्यक्ति तथा आफ्ना पुराना चेलासमेतलाई भेटनु भएको थियो । अष्ट्रेलियामा रहेको नेपलिज क्रिकेट एशोसिएशन अफ अष्ट्रेलियाजस्ता संस्थाले क्रिकेटको माध्यमबाट नेपाली तथा अष्ट्रेलियाली समुदायबीच सम्बन्ध सुमधुर बनाउने कार्य गर्दै आइरहेको छ ।

विगतमा नेपालमा राष्ट्रिय टिमका साथै विभिन्न तहमा क्रिकेट खेलेका खेलाडी अहिले अष्ट्रेलियामा विभिन्न पेशामा आबद्ध भए पनि बेलाबखत क्रिकेट मैदानमा जुटने गरेका छन् । केही नेपाली खेलाडी स्थानीय क्लबसँग अनुबन्ध भई खेल्ने गरेका छन् । नेपालमा आयोजित एनपिएल लिगमा अष्ट्रेलियामा रहेका नेपाली खेलाडीको पनि प्रतिनिधित्व भएको छ । नेपालमा जस्तै अष्ट्रेलियामा पनि एनपिएल अष्ट्रेलिया क्रिकेट प्रतियोगिता आयोजना हुनु गौरवको प्रसङ्ग मानिएको छ ।

जुनसुकै खेलका प्रतियोगितामा सहभागी हुन हिजोआज नेपाली खेलाडीहरु विदेशमा पुग्दा त्यहाँ रहेका नेपालीले भव्य स्वागत गर्ने गरेका छन् । नेपालको क्रिकेट, फुटबललगायतका टिमहरुको खेल हेर्न विदेशमा भएका नेपाली आ–आफ्नो कार्यस्थलमा बिदा लिएर पनि जुटने गरेका छन् । उनीहरु बाजागाजासहित नेपालका खेलाडीले लगाउने जर्सी नै लगाएर रङ्गशालामा उपस्थित हुँदा वातावरण नै अत्यन्त उत्साहजनक हुने गरेको छ ।

नेपाली खेलप्रेमीले विदेशी भूमिसमेतमा देखाएको यस प्रकारको सदभावबाट नेपाली खेलाडी हौसला बढन गएको देखिएको छ । अष्ट्रेलियामा ठूलो संख्यामा नेपाली बसोबास गर्दै आइरहेका छन् । यसपालि डार्बिनमा हुने क्रिकेट प्रतियोगितामा नेपालको खेल भएको दिन अत्यधिक संख्यामा नेपाली खेलप्रेमी उपस्थित हुनसक्ने अपेक्षा गर्न सकिन्छ । नेपाली क्रिकेट डार्बिनस्थित अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण हुँदा त्यहाँ रहेका नेपालीले गरेको भव्य स्वागत वास्तवमै उदाहरणीय थियो ।

विदेशमा बस्ने नेपालीको सङ्गठन एनआरएनएले अष्ट्रेलियाली भूमिमा नेपाली क्रिकेट टिमलाई समर्थन र हौसला प्रदान गर्न आह्वान गरेको छ । अष्ट्रेलियामा रहेका खेलप्रेमी नेपालीलाई रातो र निलो रङ्का कपडा लगाएर क्रिकेट रङ्गशालामा एकसाथ उपस्थित हुन अनुरोध गर्दै सो संस्थाले राष्ट्रिय झण्डासमेत लिएर आउन गरेको आग्रहले राष्ट्रिय टिमलाई खेल जित्न उत्प्रेरित गराउने छ । यस्तो कार्यले नेपाली संसारको जुनसुकै मुलुकमा पुगेतापनि राष्ट्रिय एकताको भावना सुदृढ बनाउन योगदान पुग्न जाने देखिएको छ । अनुभवी खेलाडी तथा प्रतिष्ठित टिमहरुसँग अष्ट्रेलियामा हुने प्रतिस्पर्धाबाट नेपाललाई आगामी विश्वकप प्रवेशका लागि ढोका खोल्न यथोचित खेल कौशल र रणनीति हासिल गर्ने यथोचित सहयोग पुग्न जाने आशा गरिएको छ । रासस

# भारतको इतिहास

भारत, आधिकारिक रूपमा गणतन्त्र भारत, दक्षिण एसियाको एक देश हो । यो क्षेत्रफलको आधारमा सातौँ ठूलो र दोस्रो–सबैभन्दा बढी जनसंख्या भएको देश हो । दक्षिणमा हिन्द महासागर, दक्षिणपश्चिममा अरब सागर र दक्षिणपूर्वमा बङ्गालको खाडीले घेरिएको, यसले पश्चिममा पाकिस्तानसँग भूमि सीमाहरू साझा गर्दछ; उत्तरमा चीन, नेपाल र भुटान; र पूर्वमा बङ्गलादेश र म्यानमार । हिन्द महासागरमा, भारत, श्रीलङ्का र माल्दिभ्सको वरपर छ; यसको अण्डमान निकोबार द्वीप समूहहरू थाइल्यान्ड, म्यानमार र इन्डोनेसियासँग समुद्री सीमा साझेदारी गर्दछ ।

आधुनिक मानवहरू अफ्रिकाबाट भारतीय उपमहाद्वीपमा ५५,००० वर्ष पहिले आइपुगेका थिएँ । तिनीहरूको लामो पेशा, प्रारम्भमा शिकारी–सङ्कलनकर्ताहरूको रूपमा अलगावका विभिन्न रूपहरूमा, यस क्षेत्रलाई अत्यधिक विविध बनाएको छ, मानव आनुवंशिक विविधतामा अफ्रिका पछि दोस्रो । १२०० ईपूसम्म, संस्कृतको पुरातात्विक रूप, एक भारोपेली भाषा, उत्तरपश्चिमबाट भारतमा फैलिएको थियो । यसको प्रमाण आज ऋग्वेदका भजनहरूमा पाइन्छ । दृढतापूर्वक सतर्क मौखिक परम्पराद्वारा संरक्षित, ऋग्वेदले भारतमा हिन्दू धर्मको उदय भएको अभिलेख गर्दछ । भारतको द्रविड भाषाहरू उत्तरी र पश्चिमी क्षेत्रहरूमा प्रतिस्थापन गरिएको थियो । ४०० ईपूसम्म, हिन्दू धर्मभित्र जातद्वारा स्तरीकरण र बहिष्कारको उदय भएको थियो र बौद्ध र जैन धर्मको जन्म भएको थियो ।

भारत सन् १९५० देखि एक सङ्घीय गणतन्त्र भएको छ, लोकतान्त्रिक संसदीय प्रणालीमार्फत शासित छ । यो बहुलवादी, बहुभाषिक र बहुजातीय समाज हो । भारतको जनसंख्या सन् १९५१ मा ३६१ मिलियनबाट बढेर २०२२ मा लगभग १.४ अर्ब भयो । उही समयमा, यसको नाममात्र प्रतिव्यक्ति आय वार्षिक ४ सय ६४ बाट ४१ हजार ४ सय ९८ मा बढ्यो र यसको साक्षरता दर १६.६% बाट ७४% मा पुग्यो । सन् १९५१ मा तुलनात्मकरूपमा गरिब देश भएदेखि, विस्तारित मध्यम वर्गको साथ, भारत द्रुत रूपमा बढ्दै गइरहेको प्रमुख अर्थतन्त्र र सूचना प्रविधि सेवाहरूको लागि केन्द्र बनेको छ ।

**नामाकरणः**

'इन्डिया' नाम शास्त्रीय ल्याटिन इन्डियाबाट आएको हो, जुन दक्षिण एसिया र यसको पूर्वमा अनिश्चित क्षेत्रको सन्दर्भ हो र क्रमशः बाट व्युत्पन्नः हेलेनिस्टिक ग्रीक इन्डोइ, प्राचीन ग्रीक इन्डिया, पुरानो फारसी हिन्दूश, अखामनी साम्राज्यको पूर्वी प्रदेश; र अन्ततः यसको संज्ञानात्मक, संस्कृत सिन्धु वा 'नदी', विशेष गरी सिन्धु नदी र निहितार्थ, यसको राम्रोसँग बसोबास गरिएको दक्षिणी बेसिन । पुरातन ग्रीकहरूले भारतीयहरूलाई इन्डोइ भनेर उल्लेख गरे, जसलाई 'सिन्धुका मानिसहरू' भनेर अनुवाद गरिएको छ ।

भारत शब्द, भारतीय महाकाव्य र भारतको संविधान दुवैमा उल्लेख गरिएको छ, धेरै भारतीय भाषाहरूले यसको भिन्नताहरूमा प्रयोग गरेको छ । ऐतिहासिक नाम भारतवर्षको आधुनिक अभिलेख, जुन मूलरूपमा उत्तर भारतमा लागु हुन्छ, भारतले १९औँ शताब्दीको मध्यदेखि भारतको मूल नामको रूपमा बढेको मुद्रा प्राप्त गर्यो । हिन्दूस्तान भारतको लागि मध्य फारसी नाम हो, जुन मुगल साम्राज्यको समयमा पेश गरिएको थियो र त्यसपछि व्यापक रूपमा प्रयोग भएको थियो । यसको अर्थ फरक छ, वर्तमान उत्तरी भारत र पाकिस्तान वा यसको नजिकको सम्पूर्ण भारतलाई समेट्ने क्षेत्रलाई जनाउँछ ।

**प्राचीन भारतः**

५५,००० वर्ष पहिले, पहिलो आधुनिक मानवहरू अफ्रिकाबाट भारतीय उपमहाद्वीपमा आइपुगेका थिएँ, जहाँ तिनीहरू पहिले विकसित भएका थिएँ । सबैभन्दा प्रारम्भिक ज्ञात आधुनिक मानव अवशेष दक्षिण एसियामा लगभग ३०,००० वर्ष पहिलेको हो । यी क्रमशः सिन्धु उपत्यका सभ्यतामा विकसित भए, जुन दक्षिण एसियाको पहिलो शहरी संस्कृति हो, जुन २५००–१९०० ईसापूर्वमा अहिले पाकिस्तान र पश्चिमी भारतमा फस्टाएको थियो । वेदहरू, हिन्दू धर्मसँग सम्बन्धित सबैभन्दा पुरानो धर्मग्रन्थहरू यस अवधिमा रचिएका थिए र इतिहासकारहरूले यसलाई पञ्जाब क्षेत्र र माथिल्लो गङ्गाको मैदानमा वैदिक संस्कृति राख्नको लागि विश्लेषण गरेका छन् । अधिकांश इतिहासकारहरूले पनि यस अवधिलाई उत्तर–पश्चिमबाट उपमहाद्वीपमा आर्य बसाइँसराइको धेरै लहरहरू समेटेको मान्छन् ।

वैदिक कालको उत्तरार्धमा, ईशापूर्व छैटौँ शताब्दीको वरिपरि, गङ्गाको मैदान र उत्तर–पश्चिमी क्षेत्रका साना राज्यहरू र प्रमुखहरू १६ प्रमुख कुलीन वर्ग र राजतन्त्रहरूमा एकीकृत भइसकेका थिए जसलाई महाजनपदहरू भनिन्छ । मौर्य साम्राज्यले कुनै समय सुदूर दक्षिणबाहेक अधिकांश उपमहाद्वीपलाई नियन्त्रण गरेको मानिन्थ्यो, तर यसको मूल क्षेत्रहरू अहिले ठूला स्वायत्त क्षेत्रहरूद्वारा छुट्याएको मानिन्छ । मौर्य राजाहरू आफ्नो साम्राज्य निर्माण र सार्वजनिक जीवनको दृढ व्यवस्थापनका लागि जत्तिकै चिनिन्छन्, जत्तिकै अशोकको सैन्यवादको त्याग र बौद्ध धर्मको दूरगामी वकालतको लागि पनि चिनिन्छ । चौथो र पाँचौँ शताब्दीमा, गुप्त साम्राज्यले ठूलो गङ्गा मैदानमा प्रशासन र करको जटिल प्रणाली सिर्जना गरेको थियो; यो प्रणाली पछिका भारतीय साम्राज्यहरूको लागि नमूना बन्यो । गुप्ताहरूको अधीनमा, अनुष्ठानको व्यवस्थापनको सट्टा भक्तिमा आधारित नवीकरण गरिएको हिन्दू धर्मले आफूलाई जोड दिन थाल्यो । यो नवीकरण मूर्तिकला र वास्तुकलाको फूलमा प्रतिबिम्बित भएको थियो, जसले शहरी अभिजात वर्गमा संरक्षकहरू फेला पार्न सकिन्छ ।

**मध्यकालीन भारतः**

जब कन्नौजका हर्षवद्र्धन, जसले ६०६ देखि ६४७ ईस्वी सम्म सिन्धु–गङ्गा मैदानको धेरै भागमा शासन गरे, दक्षिणतिर विस्तार गर्ने प्रयास गरे, उनी डेक्कनका चालुक्य शासकबाट पराजित भए । जब उनको उत्तराधिकारीले पूर्वतिर विस्तार गर्ने प्रयास गरे, उनी बङ्गालका पाल राजाबाट पराजित भए । जब चालुक्यहरूले दक्षिण तर्फ विस्तार गर्ने प्रयास गरे, तिनीहरू टाढा दक्षिणबाट पल्लवहरूद्वारा पराजित भए, जसको फलस्वरूप अझै टाढा दक्षिणबाट पाण्ड्य र चोलहरूले विरोध गरे ।

६औँ र ७औँ शताब्दीमा, पहिलो भक्ति भजन तमिल भाषामा सिर्जना गरिएको थियो । उनीहरूलाई भारतभरि अनुकरण गरिएको थियो र हिन्दू धर्मको पुनरुत्थान र उपमहाद्वीपका सबै आधुनिक भाषाहरूको विकास दुवैको नेतृत्व गरियो । भारतीय राजपरिवार, ठूला र साना, र तिनीहरूले संरक्षण गरेका मन्दिरहरूले ठूलो संख्यामा नागरिकहरूलाई राजधानी शहरहरूमा आकर्षित गर्‍यो, जुन आर्थिक केन्द्रहरू पनि बन्यो । भारतले अर्को शहरीकरण गर्दा जताततै विभिन्न आकारका मन्दिर शहरहरू देखा पर्न थाले । ८औँ र ९औँ शताब्दीमा, दक्षिणपूर्वी एसियामा प्रभावहरू महसुस गरिएको थियो, किनकि दक्षिण भारतीय संस्कृति र राजनीतिक प्रणालीहरू आधुनिक समयको म्यानमार, थाइल्यान्ड, लाओस, ब्रुनाई, कम्बोडिया, भियतनाम, फिलिपिन्स, मलेसिया र इन्डोनेसियाको हिस्सा बन्ने भूमिहरूमा निर्यात गरियो ।

१६औँ शताब्दीको प्रारम्भमा, उत्तरी भारत, त्यसपछि मुख्यतया मुस्लिम शासकहरूको अधीनमा, मध्य एसियाली योद्धाहरूको नयाँ पुस्ताको उच्च गतिशीलता र फायरपावरमा फेरि पसे । फलस्वरूप मुगल साम्राज्यले शासन गर्न आएका स्थानीय समाजहरूलाई छाप्न सकेन बरु, यसले उनीहरूलाई नयाँ प्रशासनिक अभ्यासहरू र विविध र समावेशी शासक अभिजात वर्गहरूद्वारा सन्तुलित र शान्त बनायो, जसले थप व्यवस्थित, केन्द्रीकृत र समान शासनको नेतृत्व गर्‍यो । आदिवासी बन्धन र इस्लामिक पहिचानलाई त्याग्दै, विशेष गरी अकबरको अधीनमा, मुगलहरूले आफ्नो टाढाको क्षेत्रलाई वफादारीको माध्यमबाट एकताबद्ध गरे, फारसी संस्कृति मार्फत व्यक्त गरिएको, एक सम्राट जो नजिकको ईश्वरीय स्थिति थियो ।

**आधुनिक भारत**

१८औँ शताब्दीको प्रारम्भमा, वाणिज्य र राजनीतिक प्रभुत्व बीचको रेखाहरू बढ्दो रूपमा धमिलो हुँदै जाँदा, अङ्ग्रेजी इस्ट इन्डिया कम्पनीलगायत धेरै युरोपेली व्यापारिक कम्पनीहरूले तटीय चौकीहरू स्थापना गरेका थिएँ । बङ्गालको धनमा यसको थप पहुँच र त्यसपछिको बढ्दो शक्ति र यसको सेनाको आकारले यसलाई १८२० को दशक सम्ममा भारतको अधिकांश भागलाई नियन्त्रण गर्न वा आफ्नो अधीनमा राख्न सक्षम बनायो । त्यतिबेला भारतले लामो समयदेखि निर्माण गरिएका वस्तुहरू निर्यात गर्दैन, बरु ब्रिटिस साम्राज्यलाई कच्चा पदार्थ आपूर्ति गरिरहेको थियो । धेरै इतिहासकारहरूले यसलाई भारतको औपनिवेशिक कालको सुरुवात मान्छन् । यद्यपि, यस समयमा कम्पनीसँगको असन्तुष्टि पनि बढ्दै गयो र सन् १८५७ को भारतीय विद्रोह शुरु भयो । आक्रामक ब्रिटिस शैलीको सामाजिक सुधारहरू, कठोर भूमि करहरू, र केही धनी जग्गाधनीहरू र राजकुमारहरूको सारांश व्यवहार सहित विभिन्न असन्तुष्टि र धारणाहरूद्वारा फिड । विद्रोहले उत्तरी र मध्य भारतका धेरै क्षेत्रहरूलाई हल्लायो र कम्पनी शासनको जग हल्लायो ।

पहिलो विश्वयुद्ध पछि, जसमा लगभग १० लाख भारतीयले सेवा गरे, नयाँ अवधि शुरु भयो । यो ब्रिटिस सुधारहरूद्वारा चिह्नित थियो तर दमनकारी कानून द्वारा, स्व–शासनको लागि थप कडा भारतीय आह्वानहरू द्वारा, र असहयोगको अहिंसात्मक आन्दोलनको सुरुवातद्वारा, जसको महात्मा गान्धी नेता र स्थायी प्रतीक हुनेछन् । सन् १९३० को दौडान, सुस्त विधायी सुधार ब्रिटिस द्वारा लागु गरिएको थियो; नतिजाको चुनावमा भारतीय राष्ट्रिय काङ्ग्रेसले जित हासिल गर्यो । अर्को दशक सङ्कटहरूले घेरिएको थियोः दोस्रो विश्वयुद्धमा भारतीय सहभागिता, असहयोगको लागि काङ्ग्रेसको अन्तिम धक्का, र मुस्लिम राष्ट्रवादको उत्थान । सबै सन् १९४७ मा स्वतन्त्रता को आगमनद्वारा सीमित थियो, तर दुई राज्यहरू मा भारतको विभाजनद्वारा स्वभावः भारत र पाकिस्तान ।

**भूगोलः**

प्रमुख हिमालयन–मूल नदीहरू जुन पर्याप्त रूपमा भारतबाट बग्दछन्, गङ्गा र ब्रह्मपुत्र नदी समावेश छन्, जुन दुबै बङ्गालको खाडीमा बग्छन् । गङ्गाका महत्वपूर्ण सहायक नदीहरूमा यमुना र कोशी समावेश छन्; पछिल्लोको अत्यन्त कम ढाँचा, लामो समयसम्म सिल्ट जम्मा हुने कारणले गर्दा गम्भीर बाढी र पाठ्यक्रम परिवर्तन हुन्छ । प्रमुख प्रायद्वीपीय नदीहरू, जसको खडा ढाँचाहरूले तिनीहरूको पानीलाई बाढीबाट रोक्छ, जसमा गोदावरी, महानदी, कावेरी र कृष्णा समावेश छन्, जुन बङ्गालको खाडीमा पनि बग्छ र नर्मदा र ताप्ती, जुन अरब सागरमा बग्छ । तटीय विशेषताहरूमा पश्चिमी भारतको कच्छको दलदली रण र पूर्वी भारतको जलोढ सुन्दरवन मुखद्वीप समावेश छ; पछिल्लो बङ्गलादेशसँग साझेदारी गरिएको छ । भारतमा दुईवटा द्वीपसमूहहरू छन्ः लक्षद्वीप, भारतको दक्षिण–पश्चिमी तटमा कोरल प्रवाल; र अण्डमान निकोबार द्वीप समूहहरू, अण्डमान सागरमा ज्वालामुखी शृंखला ।

भारतीय मौसम हिमालय र थार मरुभूमिबाट बलियो रूपमा प्रभावित छ, जसले आर्थिक र सांस्कृतिक रूपमा महत्त्वपूर्ण गर्मी र जाडो मनसुनलाई चलाउँछ । हिमालयले भारतीय उपमहाद्वीपको अधिकांश भागलाई समान अक्षांशमा रहेका अधिकांश स्थानहरूभन्दा न्यानो राखेर मध्य एसियाली चिसो काटाब्याटिक हावालाई भित्र पस्नबाट रोक्छ । थार मरुभूमिले आद्र्रताले भरिएको दक्षिण–पश्चिम ग्रीष्मकालीन मनसुन हावालाई आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ जुन जुन र अक्टोबरको बीचमा भारतको अधिकांश वर्षा प्रदान गर्दछ । भारतमा चार प्रमुख जलवायु समूहहरू प्रबल हुन्छन्ः उष्णकटिबन्धीय आद्र्र, उष्णकटिबन्धीय सुक्खा, उपोष्णकटिबन्धीय आद्र्र र पर्वत ।

भारत भारतको संविधान अन्तर्गत शासित संसदीय प्रणाली भएको सङ्घ हो– देशको सर्वोच्च कानूनी दस्तावेज । यो संवैधानिक गणतन्त्र हो । भारत प्रजातन्त्र हो कि होइन भन्नेमा स्रोतहरू भिन्न छन् कतिपयले यसलाई यसरी सूचीमा राख्छन् भने अरूले देश मिश्रित शासन वा चुनावी निरङ्कुशता भएको तर्क गर्छन् ।

**भारत सरकारमा तीनवटा शाखाहरू छन्ः**

कार्यकारीः भारतको राष्ट्रपति राज्यको औपचारिक प्रमुख हो, जो राष्ट्रिय र राज्य विधायिकाका सदस्यहरू सम्मिलित निर्वाचक मण्डलद्वारा अप्रत्यक्ष रूपमा पाँच वर्षको कार्यकालको लागि निर्वाचित हुन्छ । भारतका प्रधानमन्त्री सरकारको प्रमुख हुन् र सबैभन्दा कार्यकारी शक्ति प्रयोग गर्छन् ।

**विधायिकाः** भारतको विधायिका द्विसदनीय संसद हो । वेस्टमिन्स्टर–शैलीको संसदीय प्रणाली अन्तर्गत संचालित, यसमा राज्य सभा भनिने माथिल्लो सदन र लोक सभा (जनताको सदन) भनिने तल्लो सदन समावेश छ ।

न्यायपालिकाः भारतमा तीन–स्तरीय एकात्मक स्वतन्त्र न्यायपालिका छ जसमा भारतको मुख्य न्यायाधीशको नेतृत्वमा, २५ उच्च न्यायालयहरू, र ठूलो संख्यामा ट्रायल न्यायालयहरू समावेश छन् । भारतमा २९ प्रदेश तथा ६ केन्द्र शासित सङ्घीय राज्य क्षेत्र यसप्रकार रहेका छन् ।

**राज्य**

आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, असम, बिहार, छत्तीसगढ, गोवा, गुजरात, हरियाणा, हिमाञ्चल प्रदेश, झारखण्ड, कर्नाटक, केरल, मध्य प्रदेश, महाराष्ट्र, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड, ओडिसा, पञ्जाब, राजस्थान, सिक्किम, तमिलनाडु, तेलङ्गाना, त्रिपुरा, उत्तर प्रदेश, उत्तराखण्ड, पश्चिम बङ्गाल ।

**केन्द्रशासित प्रदेश**

अण्डमान निकोबार द्वीप समूह, चण्डीगढ, दादरा र नगर हवेली, जम्मु कश्मीर, लद्दाख, लक्षद्वीप, राष्ट्रिय राजधानी क्षेत्र दिल्ली, पुदुच्चेरी । (विकिपिडिया)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# कारागारको संरचना सुधार गर्नुपर्नेमा सांसदको जोड

**काठमाडौँ ।**
प्रतिनिधि सभाको बिहिवारको बैठकमा सांसदहरुले विशेष समयमा बोल्दै समसामयिक विविध विषयमा आफ्ना धारणाहरु व्यक्त गरेका छन ।
नेपाली काँग्रेसका सांसद नारायणप्रकाश साउदले नेपालको कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी भएकाले भीडभाड, स्वास्थ्य जोखिम, हिंसात्मक घटना र मानव अधिकार उल्लङ्घनका समस्या बढेको बताए ।
उनले कारागार व्यवस्थापन कार्यविधिको प्रभावकारी कार्यान्वयनमार्फत कैदीलाई केवल सजाय नभइ सुधार गरी समाजमा पुनःस्थापित गर्ने व्यवस्था हुनुपर्ने धारणा राखे ।
सांसद साउदले कारागारलाई सुधारगृहको रूपमा रुपान्तरण गर्दै बन्दीहरूको सीप र क्षमतालाई मुलुकको उत्पादनसँग जोड्ने, खुला कारागार वा सामुदायिक सेवामा संलग्न हुने अवसर दिने र पुनःसामाजिकीकरणका लागि प्रभावकारी कार्यक्रम ल्याउन आवश्यक रहेको बताए । 'क्षमताअनुसार संरचना निर्माण, स्वास्थ्य सेवा, स्वच्छता, पौष्टिक आहार र मानसिक स्वास्थ्य कार्यक्रमको सुनिश्चितता गर्नुपर्छ,' उनले भने ।
नेकपा एमालेकी सुनिता बरालले संविधान जारी भएको १० वर्ष बितिसक्दा पनि त्यससँग सम्बन्धित धेरै कानुन निर्माण हुन नसकेको बताए ।
उनले भने,'साझा विषयमा एक भएर अघि बढ्नुपर्नेमा छलफल र आलोचनात्मक चेतको साटो गालीगलौजमा सीमित भइरहेका छौँ ।' उनले कानुन निर्माण र विकास निर्माणका विषयमा सधैँ पक्ष–प्रतिपक्षको टकराव मात्र हुने हो भने कल्पना गरेको समृद्ध नेपालको सपना पूरा हुन कठिन हुने बताए ।
नेकपा माओवादी केन्द्रका वर्षमान पुनले सरकारको बेथितिका कारण जनमानसमा निराशा फैलिएको आरोप लगाए । उनले अर्थतन्त्रमा पनि आशाअनुरुप सुधार हुन नसकेको टिप्पणी गरे । उनले भने, 'मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकमध्ये ७४ प्रतिशत विदेश पलायन हुने सरकारी तथ्याङ्क छ । अर्थतन्त्रका वास्तविक सूचकाङ्कमा सुधार देखिएको छैन । बैंकमा लगानी योग्य खर्बौँ रुपैयाँ थुप्रिएको छ, तर उद्योगी–व्यवसायीले ऋण लिएर व्यवसाय विस्तार गर्न चाहिरहेका छैनन् ।' उनले आयात गरिएको मल समेत वितरण हुन नसकेको र मल नपाएका किसानको पीडा सुन्दा सरकार मौन रहेकोप्रति प्रश्न गरे ।
नेकपा एकीकृत समाजवादीका सांसद शेरबहादुर कुँवरले नेपालमा हवाई यात्रा असुरक्षित भएको बताउँदै पटक पटक हुने हवाई दुर्घटनाका बारेमा गहिरो अनुसन्धानको आवश्यकता औँल्याए । उनले हवाई क्षेत्रमा देखिएको दण्डहीनताको अन्त्य हुनुपर्ने र सौर्य एयरलाइन्स दुर्घटनाको कानुनअनुसार पुनःजाँच हुनुपर्ने र न्यायिक जाँच आयोग गठन गरेर पुनः अनुसन्धानको माग गरे ।रासस

# विश्वविद्यालयलाई सुरक्षित र मर्यादित बनाउन सांसदको माग

**काठमाडौँ ।**
सङ्घीय संसद् प्रतिनिधि सभाको बिहिवारको बैठकमा सांसदहरुले विभिन्न समसामयिक विषयमा ध्यानाकर्षण गराएका छन् । शून्य समयमा सांसदहरुले सर्पदंश, मानव तस्करी, लम्पी स्किन, शैक्षिक गुणस्तरलगायतका विषयमा आफ्ना धारणा राखेका हुन् ।
सांसद विद्या भट्टराईले त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षाका विद्यार्थीबाट भएको तोडफोड गैरकानुनी र निन्दनीय रहेकाले विश्वविद्यालयलाई सुरक्षित, मर्यादित र प्राज्ञिक वातावरण बनाउन र दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने बताईन ।
सांसद मीना तामाङले काभ्रेको पाँचखाल नगरपालिका–७, ८, ९ र १० मा मानव तस्करले गरिबीको बहानामा ललाइफकाइ गर्दै अङ्ग बेच्न बाध्य बनाएको बताउँदै तस्कर नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराईन ।
सांसद मेटमणी चौधरीले सर्पदंश रोकथामकालागि गढवा गाउँपालिका–७ दाङ देउखुरीमा सर्पदंश उपचार केन्द्र स्थापना भएपनि दक्ष जनशक्ति र संरचनाको अभावमा सञ्चालन हुन नसकेको बताए । उनले दक्ष जनशक्ति र आइसियू र भेन्टिलेटरको सुविधा माग गरे ।
सांसद मैना कार्कीले तराईमा खाद्यान्नजस्तै धान, गहुँ, तरकारी आदिमा र पहाडमा फलफूलको अर्गानिक क्षेत्र बनाउन सकिने धारणा राखिन ।
सांसद योगेन्द्र मण्डलले हाँडी जातिलाई माझीको पहिचान दिन माग गरे । सांसद रणकुमारी बलम्पाकी मगरले शैक्षिक सुधार अपरिहार्य भएकाले यसलाई गुणस्तरीय र रोजगारमुखी बनाउनुपर्ने बताईन ।
सांसद राजेन्द्रकुमार केसीले लम्पी स्किनको उपचार भनेकै खोप दिनुपर्ने भएकाले केन्द्रीय सरकारले खोपको उपलब्धता गराउनुपर्ने माग राखे ।
सांसद रमा कोइराला पौड्यालले चालु आर्थिक वर्षमा प्रदूषण मापनका लागि आधुनिक प्रविधि प्रयोग गरिने, यातायात प्रणालीलाई वातावरणमैत्री बनाउन विद्युतीय बस थप्नेलगायतका योजनाहरुको विवरण माग गरिन ।
सांसद मेनकाकुमारी पोखरेल, सांसद रञ्जुकुमारी झा, सांसद रणेन्द्र बराली, सांसद लालप्रसाद सावा लिम्बु, सांसद मंगलप्रसाद गुप्ता, सांसद रमा कोइराला पौड्याल, सांसदरेखा शर्मा, सांसद रुपा शोशी चौधरी र सांसद रुक्मिणी राना बराइलीले आफ्ना धारणा संसदमा राखे ।रासस

# प्रधानमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन सम्झौता



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका लागि उपप्रधानमन्त्रीद्वय, मन्त्रीहरु र मुख्यसचिवबीच बिहिवार कार्यसम्पादन सम्झौता भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षाका साथै अगामी कार्यक्रमको कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भई आदानप्रदान भएको हो ।
'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न थालिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरु तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौताको अभ्यास प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ गरिएको हो । प्रधानमन्त्रीसँग मन्त्रीहरुले कार्यसम्पादन सम्झौता गरेपछि मन्त्रीहरुले सम्बन्धित सचिवहरुसँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।रासस

# साइबर सुरक्षा विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मत स्वीकृत

**काठमाडौँ ।**
प्रतिनिधि सभाको बिहिवारको बैठकले 'सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।
यसअघिको बैठकमा गणपुरक सङ्ख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन बाँकी उक्त प्रस्ताव आज स्वीकृत गरिएको सभामुख देवराज घिमिरेले बताए । आजको कार्यसूचीमा रहेको पानी जहाजसम्बन्धी विधेयकको कार्यक्रम हटाइएको उनले जानकारी गराए ।
यसअघि विशेष समयमा बोल्दै नेपाली काँग्रेसकी सांसद सीता मिजारले प्राकृतिक प्रकोपको जोखिममा दलित तथा विपन्न वर्ग पर्ने गरेको बताईन ।
उनले दलित र उत्पीडित वर्गका धेरै नागरिकले संविधानले प्रत्याभूत गरेको मौलिक हकको उपयोग गर्न नपाएको बताए । उन भने, 'एकाध बाहेकले चरम गरिबी र अभाव भोगिरहेका छन् । भूमिहीन दलितले आजसम्म पनि एक टुक्रा जमिन पाएका छैनन् ।
दलित र भूमिहीनहरुलाई जमिनको व्यवस्था सरकारले गरोस् ।' उनले सरकारी स्वामित्वमा रहेका नेपाल औषधि लिमिटेड र सिंहदरबार वैद्यखानाको संरचनागत र जनशक्तिको पाटोमा सबलीकरण गर्नुपर्ने बताए ।
प्रतिनिधि सभाको अर्को बैठक भदौ ४ गते दिनको १ बजे बस्नेछ ।रासस

# स्वीकृत दरबन्दीको आधारमा सञ्चालन हुँदै नार्क

**काठमाडौँ ।**
नेपालको कृषि क्षेत्रको अध्ययन अनुसन्धान गर्न स्थापना भएको नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) स्वीकृत दरबन्दीको आधा सङ्ख्यामा सञ्चालन भइरहेको छ ।
नार्कमा स्वीकृत दरबन्दी एक हजार ८२३ रहेकामा हाल ९१९ जना मात्र कार्यरत रहेका नार्कका सूचना अधिकारी डा सुधा सापकोटाले जानकारी दिईन । नार्कमा अहिले पनि ९०४ दरबन्दी रिक्त छ । समयमा विज्ञापन नभएको, ढिला गरी भएको विज्ञापन पनि परिणाम आइसकेपछि मुद्दा परेर रोकिँदा जनशक्ति कम हुँदै गएको हो ।
'रिक्त रहेका पदमा मुख्य वैज्ञानिक एस–५ को स्वीकृत दरबन्दी ३२ रहेकामा हाल आठ जनामात्र कार्यरत रही २४ पद रिक्त छन् । वरिष्ठ वैज्ञानिक एस–४ को स्वीकृत दरबन्दी सङ्ख्या ४५ रहेकामा ४५ कार्यरत छन् । सबैभन्दा बढी रिक्त वरिष्ठ वैज्ञानिक एस–३ को स्वीकृत दरबन्दीमा छ ।
जसमा स्वीकृत दरबन्दी १६४ रहेकामा आठ जनामात्र कार्यरत छन् । भने बाँकी पद रिक्त छन', उनले भनिन ।
वैज्ञानिक एस–२ को स्वीकृत दरबन्दी सङ्ख्या १०८ रहेकामा १०८ कार्यरत रहेका सूचना अधिकारी सापकोटाले जानकारी दिईन । उनका अनुसार वैज्ञानिक एस–१ को स्वीकृत दरबन्दी ६१ रहेकामा १५ जना कार्यरत छन्, प्राविधिक अधिकृततर्फ स्वीकृत दरबन्दी सङ्ख्या ३२४ रहेकामा १६८ कार्यरत छन् । त्यस्तै, प्राविधिक सहायकतर्फ स्वीकृत दरबन्दी सङ्ख्या ६९१ रहेकामा ३६७ कार्यरत रहँदा ३२४ पद रिक्त छन् ।
लेखातर्फ स्वीकृत दरबन्दी सङ्ख्या ८३ रहेकामा ४९ कार्यरत, प्रशासनतर्फ स्वीकृत दरबन्दी सङ्ख्या ३१२ रहेकामा १४८ कार्यरत रहेका नार्कका प्रवक्ता कालिकाप्रसाद उपाध्यायले जानकारी दिए । दरबन्दी अनुसार कर्मचारी नहुँदा कामममा समस्या पर्दै गएको उनले स्वीकारे ।
भएका वैज्ञानिकले उमेर हदका कारण अवकाश पाउने, नयाँ विज्ञापन गर्दा अदालतमा गएर ढिलाइ हुने, कार्यरत युवा वैज्ञानिक पनि अवसरको खोजीमा विदेशिने क्रम बढेकाले काममा समस्या हुँदै गएको उनको भनाइ छ ।रासस

# लोसपाबाट निष्काषित भएपछि केन्द्रिय सदस्य गुप्ता केन्द्रिय नेता शुक्लामाथि खनिए




**भैरहवा ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपालका पूर्व केन्द्रीय सदस्य महेन्द्र गुप्ता (प्रशान्त)ले पार्टीमा भएको विभेदको विरोध गर्दा पार्टीबाट निष्काशन गरिएको बताएका छन् ।
'लोकतान्त्रिक पद्धतिमा लोकतन्त्रिक तरिकाले मन्त्रीको चयन हुनुपर्छ , पार्टीको कार्यशैली ठिक भएन' भन्ने समाजिक सञ्जालमा राखेको भरमा कारवाही स्वरुप निष्काशन गरिएको उनले जनाएका छन् ।
भैरहवामा पत्रकारहरूसँग कुरा गर्दै गुप्ताले भने, 'मैले कुनै व्यक्तिलाइ तोकेर गाली गरेको पनि हैन, पार्टीलाई मन्त्रीमा एउटा युवालाई मौका दिनु मात्रै भनेको हो ।
अलोकतान्त्रिक तरिकाले पार्टीबाट कारवाही गरेको छ, न त स्पष्टीकरण सोधियो, न जानकारी नै गराइएयो १८ वर्ष देखि सक्रिय राजनितिमा लाग्दा कति सम्पति गुम्यो, व्यक्तिगत लगानीबाट मधेसमा संघर्ष गरियो, आन्दोलन गरियो, अहिले अपमान, विभेद बाहेक केही नपाएकोले न्यायको लागि पत्रकार सम्मेलन गर्नुपरेको छ ।'
केन्द्रीय सदस्य महेन्द्र गुप्ता (प्रशान्त) ले मधेशको मुद्धालाई लिएर हिडेको युवा हो, कसैले निगाहमा नेता नबनाएको उनको दावी छ । २०६२/०६३ को मधेश आन्दोलन देखि तराई मधेशका जनताको हितमा निष्ठापूर्वक लागे बापत सजाय स्वरुप पार्टीले निरंकुश शैलीले आफूमाथि कारबाही गरेको उनको भनाइ छ । 'लोकतान्त्रिक पार्टी कागजमा मात्रै सिमित छ, सदन र सडकबाट लोकतन्त्रको कुरा गर्ने एक दुई तानाशाही नेताको सनकका कारण पार्टीको आन्दोलकारी र क्रान्तिकारीलाइ कारवाही गर्ने यो कुन तरिकाको लोकतन्त्रवादी, समाजवदी पार्टी हो ?' उनको प्रश्न छ ।
'प्रदेशको ४ पटक मन्त्री बन्दा पनि रिर्पोट कार्ड खै ? यहाँके जनता र मधेसको लागि कुनै पनि रिर्पोट कार्ड आएन । आफै कानुन मन्त्री हुदा पनि प्रदेश आयोगमा समावेशीको कुरामा मधेसीको लागि सक्रियता नदेखाउनु, अरुले आन्दोलन गरेर लिखित रुपमा पास गराउनु पर्यो । पार्टीको अध्यक्षलाई तोकेर गाली गर्दा पनि कारवाही नहुने मैले सामाजिक संजालमा लेख्दा अलोकतान्त्रिक तरिकाले निकाल्ने ?' उनले भने ।
उनले प्रतिनिधी सभा सदस्य सर्बेन्द्रनाथ शुक्लालाई इंगित गर्दै भने 'मधेसको नाममा मर्चवारको विकास हुन नदिने, मर्चवारमा शासक भनेर बस्ने निर्वाचित सांसदले पुरानो मर्चवार नभई नयाँ मर्चवार हो, राम्रो काम गरे फुलको माला नराम्रो गरे जुत्ताको माला लगाउन तयार हुनुपर्छ ।'
बोल्ने अधिकार पनि हनन भइरहदा आफु चुप लागेर नबस्ने बताउँदै भने, 'अबको मर्चवार तानाशाह मुक्त मर्चवार हो, मर्चवारको ठेकेदार कोही नबोनस, मर्चवार यहाँ कै वासिन्दाको हो, मर्चवारले अबको नेतृत्वले तानाशाहको पत्ता साफ गर्छ,' उनले भने । उनीसँगै १५३ जनाले लोसपा परित्याग गरेका छन ।

# किसानलाई मल उपलब्ध गराउन सांसदद्वारा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
सङ्घीय संसद् प्रतिनिधिसभाको बैठकमा किसानले मलको हाहाकार झेलिरहेकाले यथाशीघ्र उपलब्ध गराउन सांसदहरुले ध्यानाकर्षण गराएका छन् ।
शून्य समयमा आफ्ना धारणा राख्दै सांसदहरुले रोपाइँको समयमा पनि मल उपलब्ध हुन नसक्दा किसान मारमा परेकाले सो विषयमा सम्बोधन हुनुपर्नेमा जोड दिएका हुन् ।
सांसद भिमप्रसाद आचार्यले भने, 'दुःख गरेर बाली लगाएकामा मलको अभाव छ ।
खडेरीको मारमा थिए किसान अहिले मलको अभाव झेलिरहेका छन् । हरेक वर्ष मल अभाव किन हुन्छ ? समयमा यसको व्यवस्थापन किन गरिँदैन ? यसको सम्बोधन हुनुपर्छ ।'।
सांसद रामहरि खतिवडाले देशभर मलको हाहाकार देखिएकाले समस्या हुन नदिन सरकारको ध्यानाकर्षण गराए । उनले लम्पी स्किन रोगले देशभर वस्तुभाउ मरेर आक्रन्त पारेकाले यसमा पनि ध्यान केन्द्रित हुनुपर्ने बताए ।
सांसद रामकुमार राई, सांसद रामशंकर यादव र सांसद रामकृष्ण यादवले मल अभाव हुन नदिन सम्बन्धित निकायलाई ध्यानाकर्षण गराए ।
यसैगरी सांसद भानुभक्त जोशीले वर्षायाम सुरुभएसँगै देशका विभिन्न सडकहरु अस्तव्यस्त देखिएकाले दुरदराजका सडकको स्तरोन्नतिको माग गरे ।
सांसद महेशकुमार बर्तौलाले नेपाली महिला फुटबल टिम विश्व फिफा वरियतामा १३औँ स्थानमा उक्लेको उदाहरण दिँदै सरकारले खेलकुद क्षेत्रमा उचित र उपयुक्त वातावरण दिएमा उत्कृष्ट योगदान दिन सक्ने बताए । उनले खेलकुद क्षेत्रलाई विशेष ध्यान दिएर विकास गर्नुपर्ने धारणा राखे ।
सांसद महेश बस्नेतले बर्सातको समयमा बाढीपहिरोले पूल बगाउने समस्या भएकाले चाँडो यातायात सञ्चालन गर्न बेलिब्रिज उपयुक्त हुने बताउँदै बेलिब्रिज निर्माण गर्न सक्ने इन्जिनियर उत्पादन गर्नुपर्ने बताए ।
सांसद माधव सापकोटाले तातोपानी र केरुङ नाका तत्काल सञ्चालन गर्नुपर्ने नभए चाडपर्वको बेला महङ्गीको मार खेप्नुपर्ने सम्भावना रहेको उल्लेख गरे । रासस

# काठमाडौँ तराई / मधेश द्रूतमार्ग आयोजनाः ४३ प्रतिशत काम सम्पन्न

**काठमाडौँ ।**
रक्षामन्त्री मानवीर राईले स्थानीयवासीको भावनाअनुसार काठमाडौँ तराई/मधेस द्रूतमार्ग आयोजनाअन्तर्गत खोकना क्षेत्रको जग्गा प्राप्तिमा प्रक्रियाअघि बढाइने स्पष्ट पारेका छन । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहिवारको बैठकमा उनले द्रूतमार्ग अन्तर्गत उपत्यकाबाहिर जग्गा अधिग्रहण सम्पन्न भइसकेकाले खोकना क्षेत्रमा पनि सहमति गरेरै अघि बढ्ने योजना रहेको सुनाए ।
'जनताको आवाज सुन्नुपर्छ भन्नेमा सरकार र नेपाली सेना स्पष्ट छ, केही सहमति गरेर टुङ्ग्याउन पाए हुन्थ्यो भन्ने छ', मन्त्री राईले भने, 'छलफबाटै समाधान निकालौँ भनेर सरकार बसिरहेको छ, तर खोकनाको जग्गा सम्बन्धमा अझै केही अफवाह फैलाइएको छ, त्यस्तो होइन ।' काठमाडौँ उपत्यकाबाहेक निजगढसम्म जग्गा प्राप्ति भइसकेको जानकारी दिँदै उनले खोकना क्षेत्रमा करिब ३७ प्रतिशत जग्गा अघिग्रहण गर्नुपर्ने बताए । 'खोकना क्षेत्रमा जग्गा प्राप्तिका लागि आन्तरिक छलफल गरिएको छ', उनले भने ।
निर्धारित समयमै द्रूतमार्ग आयोजना सम्पन्न गर्ने उद्देश्यका साथ काम अघि बढिरहेको स्पष्ट पार्दै मन्त्री राईले भने, 'निर्धारित मिति नआइकन आयोजना सम्पन्न हुँदैन भन्न त नमिल्ला, तर सो समयमा सक्न निकै कठिन छ, तर मेलम्ची आयोजना जति चै लम्बिँदैन ।'
खाँदबारी–किमाथाङ्का सडकको ट्र्याक खोल्नेकार्य सम्पन्न भएको जानकारी दिँदै उनले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा सो सडक चिनियाँ सहयोगमा कालोपत्रे गर्ने बारेमा छलफल हुने बताए । हुम्लाको सिमकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको उल्लेख गर्दै उनले सेनाको जिम्मेवारीमा रहेका आयोजनाको प्रगति गर्व गर्न लायक रहेको स्पष्ट पारे ।
प्रधान सेनापति अशोकराज सिग्देलले निर्धारित समयभित्रै दूरतमार्ग आयोजना सम्पन्न गर्न सेना प्रतिबद्ध रहेको स्पष्ट पारे । 'अहिले करिब ४३ प्रतिशत काम सम्पन्न भइसकेको छ, अब हुने काम छिटो सकिने खालका छन', उनले भने, 'धेरै काम वातावरणीय प्रभाव मूल्याङ्कन र बोलप आह्वानमा खर्च भएको छ, आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान भए परियोजना निर्धारित समयमै सम्पन्न हुन्छ ।'
प्रधान सेनापति सिग्देलले द्रूतमार्गको काठमाडौँतर्फको प्रवेश विन्दुका रुपमा रहेका खोकना क्षेत्रको सांस्कृतिक पक्षलाई जोगाएर आयोजना अघि बढाउने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको स्पष्ट पारे । 'यदि खोकना प्रवेश विन्दुमा आउन नसकेको अवस्थामा पनि बिकल्प तयार गरिएको छ', उनले भने, 'प्रवेश बिन्दुमा सवारी साधन कसरी प्रवेश गर्ने र निस्कने भन्ने उपाय खोजिएको छ ।'
सांसदहरुले रणनीतिक महत्वको द्रूतमार्ग आयोजना निर्धारित समयभित्रै सम्पन्न गर्नुपर्ने, आयोजना निर्माणमा देखिएको समस्या समाधान गर्न सरकाले पहल गर्नुपर्नेमा जोड दिए ।रासस

# निजी क्षेत्रले तीन अर्ब भुक्तानी गर्न बाँकी

**चितवन।**
दुग्ध उत्पादक सहकारीले दूधको भुक्तानी नपाएको गुनासो गरेका छन् । केन्द्रीय दुग्ध उत्पादक सहकारी सङ्घको चितवनमा सम्पन्न ३१औं सञ्चालक समिति बैंठकले दूधको भुक्तानी नपाएमा आगामी भदौ ४ गते देखि चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन्।

दुग्ध उत्पादक सहकारीले भुक्तानी नपाउँदा किसानलाईसमेत भुक्तानी गर्न नसकिएको जनाउँदै आन्दोलन गर्ने चेतवनी दिएका हुन् । सङ्घका अध्यक्ष अम्बरबहादुर कुँवरले भदौ ४ गते जिल्ला सहकारी सङ्घका अध्यक्षहरुको भेला आयोजना गर्ने र सोही भेलाले थप निर्णय लिने बताए । उनले भने 'दुग्ध उत्पादक किसान सम्मानित हुन चाहन्छौँ । अपमानित होइन । यसका लागि आन्दोलनमा जाने निर्णय गरेका हौँ ।' अहिले देशभरका दुग्ध उत्पादकले सरकारी र निजी क्षेत्रबाट गरी चार अर्ब रुपैयाँ बढी भुक्तानी पाउन बाँकी रहेको उनले जानकारी दिए । पटक–पटक वार्ता र छलफल गर्दासमेत भुक्तानी पाउने सम्भावना नदेखेपछि आन्दोलनमा जुट्नु परेको उनले बताए । उनका अनुसार दुग्ध विकास बोर्डको एक अर्ब रुपैयाँ र निजी क्षेत्रबाट तीन अर्ब रुपैयाँ भुक्तानी पाउनुपर्ने छ । सरकारसँग भएको वार्तापछिको ११ बुँदे सहमति कार्यान्वयनमा नआएको भन्दै सङ्घले आन्दोलनको तयारी गरेको हो ।

बैठकपछि बिहिवार पत्रकार सम्मेलनको आयोजना गर्दै सङ्घले दुग्ध उत्पादक किसानको रकम तिर्ने र नतिर्ने उद्योगको वर्गीकरण गरेर सार्वजनिक गर्नेसम्मका कार्यक्रम गरिने सङ्घका महासचिव राम आचार्यले जानकारी दिए । उनले भने 'कतिपय उद्योगले भुक्तानी गरिरहेका छन् । त्यस्ता उद्योग र भुक्तानी नगर्ने उद्योगको वर्गीकरण गरेर भुक्तानी पाउनुपर्ने रकमसहित सार्वजनिक गर्छौं ।'

पटक–पटकका छलफलबाट निकास नआएको भन्दै उनले एक सातासम्म भुक्तानी बाँकी भएका उद्योगलाई भुक्तानी गर्नसमेत आग्रह गरे । उनले थपे 'हामी भुक्तानी बाँकी रहेका उद्योगलाई भुक्तानीका लागि पत्राचार गरेर ४ गते सम्मको समय दिन्छौँ । त्यतिबेलासम्म पनि नभए आन्दोलनमा जान्छौँ ।'

सङ्घका उपाध्यक्ष भागिरथ तिमिल्सिनाले दूध बेचेर घरगृहस्थी सञ्चालन गर्ने किसानलाई उद्योगीले अपहेलित गरेकाले आन्दोलनमा जाने तयारी गरिएको बताए ।

उनका अनुसार दुग्ध विकास बोर्ड र निजी उद्योगले सामान बिक्री भएपछि भुक्तानी दिने भनेर बताए पनि लामो समयदेखिको भुक्तानी बाँकी रहेको बताए । उनले भने 'यसपालिको आन्दोलनबाट किसानले न्याय पाउने छन् ।' दुग्ध विकास बोर्डले गत माघ महिनादेखिको भुक्तानी दिन बाँकी रहेको छ, भने निजी क्षेत्रको मङ्सिरदेखिको भुक्तानी दिन बाँकी रहेको छ ।

सङ्घका सचिव थानेश्वर सापकोटाले विभिन्न बाहनामा किसानको दूधको भुक्तानी उद्योगीले नदिएको भन्दै आक्रोश व्यक्त गरे । यही अवस्था रहे दुग्ध उत्पादक किसान समस्यामापर्ने भन्दै सरोकारवालाले समस्या समाधानमा चासो दिनुपर्ने बताए । सरकार र निजी क्षेत्र उदाशिन बन्दा दुग्ध उत्पादक किसान समस्यामा रहेको उनको भनाइ छ ।

देशभर ६४ वटा जिल्लामा दूध उत्पादन हुँदै आएको छ । ३६ वटा जिल्लामा जिल्ला दुग्ध उत्पादक सहकारी रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो । ती जिल्लाबाट दैनिक ७० लाख लिटर दूध उत्पादन हुँदै आएको छ । एक हजार आठ सय ७२ वटा दुग्ध उत्पादक सहकारीले दैनिक १३ लाख लिटर दूध उत्पादन गर्दै आएको सो अवसरमा जानकारी दिइयो । ती सहकारीमा ६ लाख परिवार आवद्ध रहेको जानकारी दिँदै सङ्घले ३० लाख भन्दा बढी किसान दूध उत्पादनमा जोडिएको सङ्घका महासचिव आचार्यले जानकारी दिए ।रासस

# महिला लिग छनोटको पहिलो खेलमा छहारी क्लब विजयी

**काठमाडौँ ।**
अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को आयोजनामा भएको एन्फा महिला लिग छनोटको उद्घाटन खेलमा छहारी युवा क्लब विजयी भएका छन ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) मुख्यालय मैदानमाबिहिवार भएको खेलमा छहारी क्लबले एफसी रियल क्लबमाथि ३–० को जित दर्ता गराएको हो । भारी वर्षाबीच सम्पन्न समूह 'ए'को खेलमा छहारीले पहिलो हाफमा दुई गोल ग–यो भने दोस्रो हाफमा एक गोल थप्यो । वर्षाले प्रभावित भई खेल करिब ३० मिनेट रोकिएको थियो । निर्धारित समय सकिन दुई मिनेट बाँकी रहँदा मुख्य रेफ्री अञ्जना राईले खेल रोकेका थिए । जितसँगै छहारीले तीन अङ्क बटुलेको छ ।

विभिन्न १४ टोली सहभागी उक्त छनोट प्रतियोगितामा उत्कृष्ट पाँच टोली एन्फा महिला लिगमा छनोट हुनेछ । सहभागी १४ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जसमा समूह 'ए' मा चर्च ब्वाइज युनाइटेड, छहारी फुटबल क्लब, राप्ती एफसी, सिन्धुपाल्चोक एफसी, स्टुडेन्ट फुटबल क्लब, आरबी रिसोर्ट एन्ड बिच फुटबल तथा एफसी रियल छन् ।

त्यसैगरी समूह 'बी'मा एनआरटी, सङ्कटा एफसी, बुटवल लुम्बिनी एफसी, एन्बिएम पोखरा गर्ल्स एफसी, झापा एफसी, लम्की फुटबल एन्ड ट्रेनिङ सेन्टर तथा नेपाल खेलकुद क्लब छन् ।रासस

# नेपाली क्रिकेट टोलीले अस्ट्रेलियामा पाँच अभ्यास खेल खेल्ने

**काठमाडौं ।**
अस्ट्रेलियामा नेपाली राष्ट्रिय क्रिकेट टोलीले क्रिकेट एसिटी र साउथ अस्ट्रेलियासँग अभ्यास खेल खेल्ने भएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले बिहिवार एक प्रेस विज्ञप्ती जारी गर्दै नेपालले आगामी भदौ १० देखि १४ गतेसम्म पाँच अभ्यास शृंखला खेल्ने जनाएको हो । नेपालले आगामी भदौ १० गते एसिटी तथा भदौ १२ गते साउथ अस्ट्रेलियासँग समान दुई दुई ट्वान्टी–२० खेल्नेछ । पहिलो खेल बिहान ४:४५ तथा दोस्रो खेल ९:४५ मा सुरु हुनेछ । त्यसैगरी नेपालले भदौ १४ गते साउथ अस्ट्रेलियासँगै एकदिवसीय खेल खेल्ने तय छ ।यो खेल बिहान ५:४५ मा सुरु हुने छ । यो अभ्यास शृंखला अघि नेपालले अस्ट्रेलियाको डार्बिनमा टप एन्ड टी–२० सिरिज पनि खेल्नेछ । उक्त सिरिज यही साउन २९ देखि भदौ ८ गतेसम्म हुँदैछ ।

त्यहाँ नेपालले अस्ट्रेलियाको बिग ब्यास टोलीका एकेडेमी टोलीसहित पाकिस्तान र बङ्गलादेशको 'ए' टोलीसँग प्रतिस्पर्धा गर्नेछ । नेपाली टोलीले आगामी अक्टोबरमा ओमानमा हुने आइसिसी पुरूष टी–२० विश्वकप छनोटको तयारीस्वरूप उक्त खेल खेल्न लागेको हो ।रासस

# नवलपुरमा करिब दुई सय नयाँ उद्योग दर्ता

**नवलपरासी ।**
**नवलपरासी** (बर्दघाट–सुस्तापूर्व)मा करिब २०० नयाँ उद्योग दर्ता भएका छन् । गत आर्थिक वर्ष २०८१÷८२ मा जिल्लामा १९१ नयाँ उद्योग दर्ता भएका पर्यटन तथा उद्योग कार्यालय नवलपुरले जनाएको छ ।



कार्यालयमा रु १५ करोडसम्म पुँजी भएका उद्योग तथा व्यापारिक फर्म दर्ता हुँदै आएका छन् । पर्यटन तथा उद्योग कार्यालय नवलपुरका सूचना अधिकारी खडकबहादुर थापाले जिल्लामा गत आवमा दर्ता भएका उद्योगमध्ये १७४ निजी, सात साझेदारी तथा नौ प्रालि रहेका बताए ।

उनका अनुसार जिल्लामा गत वर्ष सबैभन्दा धेरै सेवामूलक उद्योग ७९, कृषि तथा वन पैदावारमा आधारित उद्योग ६७, उत्पादनमूलक उद्योग ३८, पर्यटन उद्योग तीन, सूचना तथा प्रविधिमा आधारित उद्योग दुई र निर्माण सम्बन्धी उद्योग एउटा दर्ता भएका छन् ।

त्यस्तै वाणिज्यतर्फ दर्ता भएका फर्ममध्ये एकलौटी १९८ तथा साझेदारी दुई दर्ता भएका उनको भनाइ छ । वाणिज्यतर्फ नयाँ दर्ता भएका फर्ममा कारोबारका आधारमा वर्गीकरण गर्दा खुद्रा कारोबार गर्ने १९३ तथा थोक कारोबार गर्ने सात रहेका थापाले जानकारी दिए । गत आवमा ८५६ वटा उद्योग नवीकरण हुँदा एक हजार ३४२ वाणिज्य फर्महरु नवीकरण भएका उनको भनाइ छ ।

त्यस्तै १०६ उद्योगले विभिन्न विषय संशोधन गरेका उल्लेख गर्दै थापाले यो अवधिमा २३८ वाणिज्य फर्महरुले विवरण, पुँजीलगायतका विषय संशोधन गरेका बताए । नयाँ खुल्ने उद्योगको तुलनामा बन्द हुने उद्योगको सङ्ख्या धेरै रहेको कार्यालयको तथ्याङ्कले देखाएको छ । कार्यालयका अनुसार गत आर्थिक वर्षमा उद्योग र वाणिज्यतर्फ गरी ३९१ नयाँ फर्म खुल्दा ४३८ वटा बन्द भएका छन् ।

थापाले आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा २०० उद्योगको लगत कट्टा (बन्द) गरिएको जानकारी दिए । त्यस्तै वाणिज्यतर्फ २३८ व्यावसायिक प्रतिष्ठानको लगत कट्टा गरिएको थापाको भनाइ छ । विभिन्न ऋण लिन तथा वैदेशिक रोजगारमा जानका लागि उद्योग खोल्ने गरिएकामा उद्देश्य पूरा भएपछि ती उद्योगको लगत कट्टा गर्न आउनेको सङ्ख्या धेरै रहेको थापाको भनाइ छ ।

'विदेश जान तथा ऋण खानका लागि उद्योग तथा व्यवसाय देखाउँदा बैंकले सहज रुपमा ऋण प्रदान गर्ने भएकाले कोभिड अगाडिसम्म नयाँ उद्योग खोल्ने क्रम धेरै थियो', उनले भने, 'नयाँ दर्ता भएका उद्योग तथा व्यवसाय बन्द गर्न पाँच वर्ष कुर्नुपर्ने भएकाले पछिल्लो समय उद्योग बन्द गर्नेको सङ्ख्या धेरै देखिएको हो ।' कार्यालयमा दर्ता भएका उद्योग तथा व्यवसाय बन्द गर्न जसको नाममा कम्पनी स्थापना भएको छ सोही व्यक्ति उपस्थित हुनुपर्ने नियम रहेको थापाको भनाइ छ ।

जिल्लामा हालसम्म छ हजार ७०३ उद्योग तथा आठ हजार ५०७ वाणिज्य फर्म दर्ता भएका थापाले जानकारी दिनुभयो । जिल्लामा नयाँ दर्ता भएका तथा नवीकरण भएका उद्योग तथा वाणिज्य फर्मबाट एक करोड ३४ लाख आठ हजार ७६१ रुपैयाँ राजस्व सङ्कलन भएको थापाले बताए ।रासस

# भारतीय विदेश मन्त्री जयशंकर अर्को साता रूस जाने

**मस्को।**
विश्व राजनीति पछिल्लो समय गम्भीर उथलपुथलको अवधिबाट गुज्रिरहेको छ। रुस–युक्रेन युद्ध, इजरायल–गाजा द्वन्द्व, इजरायल–इरान गतिरोध र भारत–पाकिस्तानबीचको सैन्य झडपले अन्तर्राष्ट्रिय वातावरणलाई जटिल बनाएको छ । यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ट्यारिफ युद्धले भूराजनीतिक समीकरणहरू थप जटिल बनाउँदै लगेको छ। यस्तो अवस्थामा भारतका विदेशमन्त्री एस जयशंकरको रुस भ्रमणलाई निकै महत्वपूर्ण मानिएको छ।



रुसको विदेश मन्त्रालयले सोसल मिडिया प्लेटफर्म एक्समा जानकारी साझा गर्दै भनेको छ, 'अगस्ट २१ मा, रुसी विदेशमन्त्री सर्गेई लाभरोभले मस्कोमा भारतीय विदेशमन्त्री एस जयशंकरसँग वार्ता गर्नेछन्। जसमा दुई नेताले द्विपक्षीय सम्बन्ध र अन्तर्राष्ट्रिय ढाँचाभित्र सहयोगका प्रमुख मुद्दाहरूमा छलफल गर्नेछन्।'

भारतले रुसी तेल खरिद गरेकोमा अमेरिकाले असन्तुष्टि व्यक्त गरिरहेको बेला यो भ्रमण हुन लागेको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पले भर्खरै भारतलाई ५० प्रतिशत कर लगाउने घोषणा गरे पछि दुई देशबीचको व्यापार तनाव बढेको छ । यसैबीच भारतले अमेरिकाको दबाबलाई बेवास्ता गर्दै रुसबाट तेल खरिद जारी राखेको छ।

भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले पनि हालै रुसको भ्रमण गरी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेटेका थिए । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले पनि रुसी राष्ट्रपतिसँग टेलिफोनमा विस्तृत छलफल गरेका थिए। दुई नेताबीच युक्रेन युद्ध र क्षेत्रीय स्थायित्वका विषयमा वार्ता भएको थियो। प्रधानमन्त्री मोदीले शान्तिपूर्ण र कूटनीतिक समाधानको पक्षमा भारतको अडान दोहो¥याएका थिए।

भारतको विदेश मन्त्रालयले भर्खरै डोनाल्ड ट्रम्प र भ्लादिमिर पुटिनबीचको सम्भावित वार्ताको स्वागत गरेको छ। यो जटिल विश्वव्यापी अवस्थाको समाधान वार्ता र कूटनीतिबाट मात्र हुनसक्छ भन्ने भारतको विश्वास रहेको जनाएको थियो । एस जयशंकरको यो भ्रमणलाई भारतको स्वतन्त्र विदेश नीति र रणनीतिक सन्तुलनलाई झल्काउने यस दिशामा एउटा बलियो कदम मानिएको छ । एजेन्सी

# एउटा खतरानाक समुन्द्री मार्ग, जसले १० बर्षमा निल्यो २५ हजार बढी आप्रवासी

**काठमाडौं ।**
विश्वको सबैभन्दा खतरनाक समुद्री मार्ग मानिने ल्याम्पेडुसा अन्तर्राष्ट्रिय जलक्षेत्रमा फेरी डुङ्गा पल्टिएको छ ।



यस दुर्घटनामा २० जनाको मृत्यु भएको छ भने १२ जनाभन्दा बढी अझै बेपत्ता छन् । यो डुङ्गामा समुद्री मार्गबाट इटाली पुग्न खोजिरहेका आप्रवासी बोकेका थिए ।

डुङ्गामा सवार अन्य ६० जनालाई लाम्पेडुसा केन्द्रमा लगिएको छ । संयुक्त राष्ट्र शरणार्थी एजेन्सी (युएनएचसीआर) र स्थानीय अधिकारीहरूका अनुसार यो डुङ्गा लिबियाबाट गएको थियो । त्यतिबेला करिब एक सय जना थिए । दुर्घटनापछि २० जनाको शव निकालिएको छ भने १२ जनाको खोजी कार्य जारी छ ।

लाम्पेडुसाका मेयर फिलिपो मान्निनोले दुर्घटना बिहानै भएको हुनसक्ने बताए । युएनएचसीआरका अनुसार यस वर्ष अहिलेसम्म मध्य भूमध्यसागरीय मार्ग हुँदै इटाली पुग्ने प्रयासमा ६ सय ७५ आप्रवासीको मृत्यु भएको छ, जसमा पछिल्लो घटना समावेश छैन ।

मेयरले सामाजिक सञ्जाल प्लेटफर्ममा लेखेका छन्, 'लाम्पेडुसाको तटमा अर्को डुङ्गा दुर्घटनाबाट गहिरो पीडा छ, जहाँ युएनएचसीआर ले हाल बाँचेकाहरूलाई सहयोग गरिरहेको छ ।'

युएनएचसीआरको तथ्यांक अनुसार सन् २०२५ को पहिलो ६ महिनामा ३० हजार ६० शरणार्थी र आप्रवासीहरू समुद्री मार्गबाट इटाली पुगेका थिए, जुन गत वर्षको सोही अवधिको तुलनामा १६ प्रतिशतले बढेको थियो ।

इन्टरनेशनल अर्गनाइजेसन फर माइग्रेसन (आईओएम) ले उत्तर अफ्रिकादेखि दक्षिणी युरोपसम्मको यो अनियमित समुद्री मार्ग विश्वकै सबैभन्दा खतरनाक रुटमध्ये एक भएको जनाएको छ । विगत १० वर्षमा भूमध्यसागर पार गर्ने क्रममा करिब २४ हजार ५०० व्यक्तिको मृत्यु भएको वा बेपत्ता भएका छन् ।

अक्टोबर ३, २०१३ मा इरिट्रिया, सोमालिया र घानाका ५०० भन्दा बढी आप्रवासी बोकेको डुङ्गा आगो लागेर पल्टिँदा यो घातक दुर्घटना भएको थियो। यस दुर्घटनामा कम्तिमा ३६८ जनाको मृत्यु भएपछि यस संकटसँग जुध्न अन्तर्राष्ट्रिय स्तरमा पहल गर्नुपर्ने माग चर्किएको छ ।एजेन्सी

# शेयर बजारमा सामान्य सुधार, कारोबार रकम पनि बढ्यो

**काठमाडौं।**
पछिल्ला केहि दिनदेखि निरन्तर ओरालो लागि रहेको शेयर बजारमा आज भने सामान्य सुधार देखिएको छ । आज २.६२ अंकले बढेको बजार २७.८८ बिन्दुमा पुगेर रोकिएको हो । यसअघि बुधबार नेप्से परिसुचक १०.५० अंकले घटेर २७८५.७४ बिन्दुमा पुगेर रोकिएको थियो।

यसदिन कुल ३२० स्टकको ७ अर्ब ४६ करोड ४१ लाख ७७ हजार ७०४ रुपैयाँ बराबरको १ करोड ९२ लाख ५८ हजार ४४५ कित्ता शेयर कारोबार भएको छ। बुधबार ६ अर्ब १६ करोड १८ लाख ९४ हजार ७३४ रुपैयाँ बराबरको १ करोड ५८ लाख ४७ हजार ८७३ कित्ता शेयर कारोबार भएको थियो।

आज सेन्सेटिभ इन्डेक्स ०.९३ अंकले घटेको छ। फ्लोट इण्डेक्स ०.११ अंकले घटेको छ भने सेन्सेटिभ फ्लोट इण्डेक्स भने ०.३१ अंकले घटेको छ।

आज नेपााल रिपब्लीक मिडियाको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। यस कमपनीको शेयर मूल्य प्रतिकित्ता ४९.१५ रुपैयाँले बढेर ५४१.३० रुपैयाँमा अन्तिम कारोबार भएको छ। पञ्चकन्यामाई हाइड्रो पावरको शेयर मूल्य २२.२७ रुपैयाँले बढेर प्रतिकित्ता ४२२.६३ रुपैयाँमा अन्तिम कारोबार भएको छ।

राधी जलविद्युत कम्पनीको शेयर मूल्य पनि आज प्रतिकित्ता ३३.८६ रुपैयाँले बढेर ७९८.०८ रुपैयाँमा अन्तिम कारबोर भएको छ । यस्तै अपर स्याङ्गी हाइड्रो पावरको शेयर मूल्य २८.०२ रुपैयाँले बढेर ६९१.६५ रुपैयाँमा अन्तिम कारोबार भएको छ।

# वर्षायाममा पनि कालीगण्डकीमा अवैध दोहन

**पर्वत।**

नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ मा हरेक वर्षायामको असारदेखि भदौ महिनाको मसान्तसम्म नदीजन्य निर्माण सामग्री उत्खनन सङ्कलन तथा घाटगद्दी गर्ने कार्य गर्न नपाइने उल्लेख गरिएको छ । यो प्रावधानलाई लत्याउँदै पवित्र कालीगण्डकीबाट नदीजन्य निर्माण सामग्रीको अवैध दोहन कार्य वर्षायाममा झनै बढ्दै गएको पाइएको छ।

कालीगण्डकी नदीको पर्वत जिल्ला खण्डका विभिन्न स्थानमा अवैध दोहन बढ्दै गएको हो । दिन र रात दुवै समयमा लुकीछिपी बालुवा तथा ढुङ्गा निकाल्ने क्रम नरोकिएको जिल्ला समन्वय समिति पर्वतले हालै गरेको अनुगमनका क्रममा भेटिएको हो । जिल्ला समन्वय समिति पर्वतका संयोजक विष्णुराम विकको नेतृत्वको टोलीले पर्वत र म्याग्दीको सिमाना राममन्दिर घाटदेखि दमुवाखोलासम्म अनुगमन गर्दा १० वटा किनारमा घाट खोलेर अवैध रूपमा बालुवा उत्खनन गरेको पाइएको हो।

अनुगमन टोलीले उत्खननकर्ताले बिक्री गरेको बाहेक झन्डै १४ हजार घनमिटर बालुवा र नम्बर प्लेट नखुलेको जेसिबी जफत गरेको छ। अवैध रुपमा उत्खनन गरेको बालुवाको जरिवाना स्थानीय जलजला गाउँपालिकालाई असुल गर्न निर्देशन दिएको जिल्ला अनुगमन समितिका संयोजकसमेत रहनुभएका विकले भने।

टोलीले जलजला–४ घुमाउने ताल बगरबाट नम्बर प्लेट नभएको उत्खनन गरिरहेको एक्साभेटर जफत गरेको छ भने लस्ती बगर, जलजला–८ खनियाघाट बगर, फर्से बगर, जलजला एकको रामघाट बगर, जलजला–७ मिलन चोक बगर, लस्ती बगर गरी १० स्थानमा अवैध उत्खनन गरेर बालुवा थुपारेको पाइएको जनाइएको छ।

यी स्थानमा नापजाँच गरिएको बालुवाको परिमाणबाट गाउँपालिकाले झन्डै डेढ करोड रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने देखिएको छ।

जलजला गाउँपालिकादेखि झन्डै १०० मिटर टाढा घुमाउनेमा उत्खनन गर्दै गरेको एउटा एक्साभेटर सिल गरिएको जिल्ला समन्वय अधिकारी किरण पौडेलले जानकारी दिए।

उनका अनुसार वर्षायाममा अवैध रूपमा उत्खनन गर्नेहरूलाई कारबाहीको दायरामा ल्याइने जानकारी दिए।

सोही गाउँपालिकाको राजस्व शाखाप्रमुख कृष्ण रिजालले गाउँपालिकाले ठेक्का नखुलाउँदै अवैध उत्खनन गर्नेलाई कारबाही गरिने बताए। उनीहरुलाई उत्खनन गरेको जरिवाना असुलउपर गर्नाका साथै आगामी दिनमा उत्खनन नगर्नका लागि निरुत्साहित गर्न पालिकाले सम्पूर्ण कार्य गर्ने उनको भनाइ छ।

गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले अवैध उत्खनन रोक्नका लागि नगर प्रहरीसमेत परिचालन गरिएको बताए । नगर प्रहरी नआएको बेला लुकीछिपी उत्खनन गर्नेलाई प्रहरी प्रशासन र जिल्ला अनुगमन समितिले आवश्यक कारबाही गरोस् भन्ने पालिकाको अपेक्षा रहेको उनले बताए।

यसअघि सर्वोच्च अदालतले विसं २०७८ असार २९ गते अन्तरिम आदेश जारी गर्दै नदी उत्खननसम्बन्धी सम्पूर्ण कार्यय रोक्न आदेश दिएपछि चार वर्षदेखि रोकिएको थियो । गत कात्तिक ११ गते सर्वोच्च अदालतका न्यायाधीश डा कुमार चुडाल र विनोद शर्माको इजलासले उक्त रिट खारेज गरेपछि पुनः उत्खनन सुरु गरिएको थियो।

जिल्ला अनुगमन समितिका संयोजक तथा जिल्ला समन्वय समिति प्रमुख विकले अवैध रूपमा प्राकृतिक स्रोतसाधनको उत्खनन र दुरुपयोग गर्नेहरूलाई कारबाहीको दायरामा ल्याइने बताए। उनले आफूहरुसँग कारबाही गर्ने पूरै अधिकार नभएकाले यसमा अरु निकायको सहयोग जरूरी रहेको बताए।रासस

# अझै अन्नपूर्ण, मालिका र मङ्गलाका प्रशासकीय भवन बन्न सकेनन्

**म्याग्दी।**

स्थापनाको आठ वर्षसम्म जग्गा प्राप्ति प्रक्रियामै अल्झिदा म्याग्दीको अन्नपूर्ण, मालिका र मङ्गला गाउँपालिकाले प्रशासकीय भवन निर्माण गर्न सकेका छैनन् । तीव्र रुपमा बस्ति विकास भइरहेका पालिकाको केन्द्रमा मापदण्ड पुग्ने जग्गा निःशुल्क दिन नसक्नु र सरकारी दररेट अनुसार उपलब्ध गराउन रुची नदेखाउनु, विवाद, समन्वयको कमी र मुद्दाका कारण प्रशासकीय भवनको जग्गा प्राप्ति सकसपूर्ण बनेको हो।

स्थानीयबासीबाट निःशुल्क रुपमा जग्गा प्राप्त हुन नसकेपछि तीन वटै स्थानीय तहलाई मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार सरकारले जग्गा खरिद गरेर भवन बनाउन अनुमति दिएको छ । आफ्नै भवन नहुँदा सेवा प्रवाहमा कठिनाई र भाडामा वार्षिक लाखौ बजेट खर्चनुपरेको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले जानकारी दिए। 'हामी निर्वाचित भएदेखिनै खरिदको प्रयास गरिरहेपनि पाएका छैनौ,' उनले भने 'गत वर्ष दरवाङ बजारमा जग्गा खरिद गर्न प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा परेपछि रोकिएको छ।'

मालिका गाउँपालिकाले गत वर्ष पालिकाको प्रशासकीय भवन, वडा नं–१ र ७ को भवन निर्माणका लागि बिनियोजन गरेको दुई करोड रुपैयाँ बजेट खर्च हुन सकेन् । मालिकाले कार्यालय सञ्चालनका लागि वार्षिक २१ लाख रुपैयाँ खर्चीदै आएको छ।

बाबियाचौरमा केन्द्र रहेको मङ्गला गाउँपालिकाले पनि भवन बनाउन जग्गा पाएको छैन्। गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले मापदण्ड अनुसारको जग्गा खरिदको प्रक्रीयामै रहेको बताए।

पछिल्लो तीन वर्षयता गाउँपालिकाले जग्गा खरिद गर्न वार्षिक रुपमा बिनियोजन गर्दै आएको एक करोड रुपैयाँ बजेट खर्च हुन सकेको छैन् । कार्यालय सञ्चालनका लागि मङ्गला गाउँपालिकाले मासिक ६७ हजार पाँच सय रुपैयाँ घरभाडामा खर्च गर्दै आएको छ।

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा जग्गा खरिदका लागि स्थानीयले प्रस्ताव पेश नगरेपछि नजिकैको घिरच्याङमा खरिदको प्रक्रीया अघि बढाएको थियो । तर पोखरेबगरका बासिन्दाले आफूले पनि जग्गा नदिने र छिमेकी बस्तिमा खरिद गर्न खोज्दा उजुरी गरेर अवरोध गरेका गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले गुनासो गरे।

जग्गा खरिदका लागि वार्षिक एक करोड रुपैयाँ बजेट बिनियोजन गर्दै आएको अन्नपूर्णले कार्यालय सञ्चालनका लागि चार वटा घर भाडामा लिएको छ। वार्षिक १६ लाख रुपैयाँ घरभाडामा खर्च हुने गरेको छ । अन्नपूर्ण–७ को महभिरमा वडा कार्यालय भवन निर्माणका लागि निशुल्क जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको उपाध्यक्ष दिवा तिलिजा पुनले बताए। जिल्ला जग्गा प्राप्ति समितिका सदस्य सचिव रहनुभएका प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले मापदण्ड पु¥याउन नसक्ने र स्थानीय बिवादका कारण पालिकाहरुको जग्गा खरिद प्रक्रीया लम्बीएको बताए।

रघुगङ्गा गाउँपालिकाले मौवाफाँटमा स्थानीयबासीले निशुल्क उपलब्ध गराएको जग्गामा प्रशासकीय भवन निर्माण थालेको छ । गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले अन्य पालिकाको भन्दा फरक शैली अपनाएर निशुल्क जग्गा प्राप्ति गरेको जानकारी दिए।

'२७ जना जग्गाधनीको २५ रोपनी जग्गा एकिकरण गरी जग्गा व्यवस्थापन कार्यविधि अनुसार, करिब १४ रोपनी जग्गा गाउँपालिकाको नाममा पास गरिएको छ' उनले भने 'जग्गाधनीहरुलाई छ रोपनी जग्गा घडेरीको रुपमा फिर्ता गरिएको छ । बाँकी जग्गालाई उपयोग गरी पालिकाको वरीपरि आठ मिटर फराकिलो सडकको चक्रपथ बनाइएको छ।'

गाउँपालिकाले बहुउदेश्यीय भवनबाट सेवा प्रवाह गर्दै आएको छ। गत वर्ष ' दुई करोड बिनियोजन गरेर सुरु भएको भवन निर्माण योजनालाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ । बहुउदेश्यीय भवनलाई कर्मचारी आवासगृहको रुपमा उपयोग गर्ने र सुविधा सम्पन्न भवन निर्माण गरेर नागरिकलाई सरल र सहज रुपमा सेवा उपलब्ध गराउने अध्यक्ष भण्डारीले बताए।

स्थानीयबासीले वडा नं.–३ घट्टेखोलामा उपलब्ध गराएको १४ रोपनी जग्गामा धवलागिरी गाउँपालिकाले वि.स. २०७९ देखि निर्माण थालेको प्रशासकीय भवन अन्तिम चरणमा पुगेको छ। सात करोड ७१ लाख ८९ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको तीन तले भवनमा सभाहल सहित ३१ वटा कोठा तयार हुने छन्।

चालु आर्थिक वर्षभित्रनै गाउँपालिकाको कार्यालय र शाखाहरू सबै एउटै छानामुनि सञ्चालन गर्ने लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । हाल तत्कालीन मुना गाविसको भवनबाट गाउँपालिका कार्यालय सञ्चालन भएको छ। जिल्ला सदरमुकाममा रहेको बेनी नगरपालिकाले परराष्ट्र मन्त्रालयको नाममा रहेको जग्गामा पूर्वाधार बनाएर कार्यालय सञ्चालन गरेको छ।रासस

# पहाडबाट तराई झर्ने बढ्दै, चुनौती थपिँदै

**भीमदत्त।**

सुदूरपश्चिमका पहाडी जिल्लामा बसाइँसराइका कारण गाउँहरू रित्तो हुँदै गएका छन् । तराईमा जनसङ्ख्याको ग्राफ बढ्दो छ । नौवटा जिल्ला रहेको सुदूरपश्चिममा कुल जनसङ्ख्याको २० प्रतिशत जनसङ्ख्या कञ्चनपुरमा छ।



नेपालको जनगणना २०७८ का अनुसार यस प्रदेशमा २६ लाख ९४ हजार ७८३ जनसङ्ख्या छ । त्यसमध्ये महिलाको १४ लाख २१ हजार ९९७ छभने पुरुषको जनसङ्ख्या १२ लाख ७२ हजार ७८६ रहेको छ । यस प्रदेशबाट धैरै जना पुरुष रोजगारीका लागि भारत र तेस्रो मुलुकसमेत जाने गरेकाले अन्य प्रदेशको तुलनामा पुरुषको जनसङ्ख्या कम्ती र महिलाको जनसङ्ख्या बढी देखिएको हो।

तथ्याङ्कअनुसार यहाँ महिलाको जनसङ्ख्या ५२ दशमलव ७७ र पुरुषको जनसङ्ख्या ४७ दशमलव २३ प्रतिशत रहेको छ । प्रदेशका नौ जिल्लामध्ये तराईका दुईवटा र दुईवटा पहाडका बाहेक पाँचवटा जिल्लाको जनसङ्ख्या घट्दो अवस्थामा छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको जनगणनाअनुसार अछाम, बैतडी, डोटी, बझाङ, डडेल्धुरा जिल्लाको जनसङ्ख्या हरेक वर्ष घट्दो अवस्थामा छ । हिमाली जिल्ला दार्चुलाको जनसङ्ख्या वृद्धिदर स्थिर अर्थात् शून्य प्रतिशत छ।

पहाडको बाजुरा जिल्लाको जनसङ्ख्या वृद्धिदर सामान्य अवस्थामा बढेको छ। यहाँको वृद्धिदर शून्य दशमलव २५ प्रतिशत छभने कैलालीको सबैभन्दा उच्च एक दशमलव ४८ र कञ्चनपुरको एक दशमलव २५ प्रतिशत रहेको छ। तथ्याङ्क समन्वय कार्यालय धनगढीका प्रमुख गोविन्द न्यौपानेका अनुसार अन्य प्रदेशको जस्तै यस प्रदेशमा पनि पहाडी र हिमाली ठाउँबाट मानिसहरू तराई—मधेसतिर झर्ने र पहाडमा बसे पनि सहरी क्षेत्रतिर बस्ने प्रवृत्ति बढेकाले जनसङ्ख्या वितरणमा समस्या देखिएको हो।

अन्न उत्पादनको भण्डारका रूपमा चिनिने तराईमा बढ्दो जनसङ्ख्याले कृषियोग्य भूमि घट्दै गइरहेको छ । जनसङ्ख्या व्यवस्थापनका लागि प्रदेश र स्थानीय सरकारले बेलैमा चासो नदिएमा निकट भविष्यमा नै ठूलो समस्या निम्तने धैरैको चिन्ता छ।

'पहाडतिर रोजगारी, शिक्षा, आफू अनुकूल समाज र अवसरहरू कम हुँदा नागरिकहरू त्यस्ता कुरा सजिलै पाउने ठाउँतिर झरेर यस्तो असन्तुलन भएको हो', कार्यालय न्यौपाने भने, 'यसलाई रोक्नका लागि स्थानीय र प्रदेश सरकारले विशेष ध्यान दिनु पर्दछ । तथ्याङ्कमा आधारित योजना र बजेट बनाइयो भने मानिसका आवश्यकता आफू बसेकै ठाउँमा सम्बोधन हुन सक्छन् । नभए सुदूरपश्चिमा असन्तुलित जनसङ्ख्याले दीर्घकालीन रुपमा चुनौती थपिने छ।'

उनले तराईमा बढ्दो जनसङ्ख्याले कृषि उत्पादन क्षेत्र घटिरहेको र पहाडमा बाँझो जमिन बढिरहेको अवस्थाले समयमै उपयुक्त नीति अख्तियार नगरे निकट भविष्यमा आयातको दायरा थप बढ्नेतर्फ ध्यान दिनुपर्ने बताए।

विज्ञहरूका अनुसार सुदूरपश्चिमको जिडिपीमा कृषि क्षेत्रको योगदान ३० प्रतिशत रहेकाले उत्पादन घट्दा यहाँको अर्थतन्त्रमा पनि सङ्कुचन आउने देखिन्छ । यहाँको कुल जनसङ्ख्याको आधाभन्दा बढी जनसङ्ख्या कैलाली र कञ्चनपुरमा छ । कैलालीमा करिब ३३ प्रतिशत र कञ्चनपुरमा २० प्रतिशत मानिसको बसोबास छ । जनसङ्ख्याको यो चाप सदरमुकाम भीमदत्तमा मात्र होइन ग्रामीण क्षेत्रतिर पनि उस्तै रहेको छ।

भीमदत्त नगरपालिका प्रमुख पदम बोगटीका अनुसार तराईको सुगम, राजमार्गसँग जोडिएको नगर भएकाले पनि यहाँ मानिसको आकर्षण हुनु स्वाभाविक नै हो । हरेक वर्ष नयाँ मान्छे थपिँदा स्रोत व्यवस्थापन बर्सेनि चाप बढ्दै गएको उनको भनाइ छ । 'नगरपालिकामा भएका सबै शाखाले आ–आफ्नो क्षेत्रको अवस्थाबारे जानकारी गराउने गरेका छन् । बसाइँसराइ र बढ्दो जनसङ्ख्याले स्रोत व्यवस्थापनमा दबाब छ, तर पनि हालसम्म व्यवस्थापन गरिरहेकै छौँ । यो निरन्तर बढ्ने हो भने समस्या हुनसक्छ', नगरप्रमुख बोगटीले भने।

राष्ट्रिय तथ्याङ्क कार्यालय, सुदूरपश्चिमका अनुसार कञ्चनपुरका नौवटा स्थानीय तहको जनसङ्ख्यामा भीमदत्त नगरपालिकाको जनसङ्ख्या एक लाख २२ हजार ३२० रहेको छ। यसैगरी, कृष्णपुर नगरपालिकाको ७१ हजार ५००, शुक्लाफाँटा नगरपालिकाको ५३ हजार ९६९, वेदकोट नगरपालिकाको ५७ हजार ६८०, दोधारा चाँदनीको ४२ हजार ९७४ जनसङ्ख्या रहेको छ । पुनर्वास नगरपालिकामा ६१ हजार ७४८, बेलौरीमा ५३ हजार ९१०, बेलडाँडी गाउँपालिकामा २१ हजार ८८८ र लालझाडी गाउँपालिकामा २५ हजार ३७ जनसङ्ख्या छ।

सुदूरपश्चिम विश्वविद्यालयका उप–प्राध्यापक शङ्करदत्त भट्टले जनसङ्ख्या व्यवस्थापनका लागि बसाइँसराइ निकै चुनौतीपूर्ण रहेको बताए। यसलाई नियन्त्रणका लागि पहाडी क्षेत्रमा रहेका स्रोतसाधनको सदुपयोगसँगै राज्य स्रोतलाई समानुपातिक रूपमा वितरण गर्नुपर्नेमा उनको जोड छ । सुदूरपश्चिमका पहाडी जिल्लामा तरकारी, फलफूल खेतीसँग पशुपालनको ठूलो सम्भावना रहेकाले त्यसमा सरकारले सरकारी–निजी साझेदारीमा लगानी गर्नुपर्ने भट्टको सुझाव छ।

'बसाइँसराइका कारण पहाडी क्षेत्रमा खेतीयोग्य जमिन बाँझो छ, ती क्षेत्रलाई नमूना कृषि पकेट क्षेत्रमा वर्गीकृत गर्नुपर्छ', उप–प्राध्यापक भट्टले भने, 'ती क्षेत्रमा सरकारले लगानी गर्नुपर्छ, किसानलाई सामूहिक खेतीमा आबद्ध गराउने नीति अवलम्बन गरिनुपर्छ । साथै सरकारले उत्पादनको सुरक्षा र बजारीकरणका लागि पूर्वाधार निर्माणसँगै कृषि एम्बुलेन्स, चिस्यान केन्द्र निर्माण गर्नुपर्ने आवश्यकता छ।'

सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगका सदस्य डा हिरा चन्दले रोजगारी, गुणस्तरीय शिक्षा र राम्रो स्वास्थ्य उपचारको खोजीमा पहाडबाट बसाइँसराइ भइरहेकाले त्यसको सुधारमा सरकारले ध्यान दिनुपर्ने बताए । उनले यहाँका पहाडी जिल्लामा बसाइँसराइ रोक्न प्रदेश सरकारले एकीकृत बस्ती विकास, एक पालिका, एक उत्पादन र पूर्वाधार विकासमा जोड दिएको उनको भनाइ छ।

'पहाडी क्षेत्रमा पूर्वाधार विकास र सेवा प्रवाह खर्चिलो छ । त्यसैले छरिएर रहेको बस्तीलाई एकीकृत गर्नुपर्छ, सामुदायिक विद्यालयमा गुणस्तर सुधारसँगै आवासीय बनाउनुपर्छ', सदस्य चन्दले भने, 'सुदूरका पर्यटकीय क्षेत्रको विकास गरी रोजगारी सिर्जना गर्न सके नागरिकको जीवनमा सुधार हुन्छ । किसानलाई उत्पादनमा अनुदान, उद्यमीलाई कर्जामा ब्याज अनुदान दिएर प्रोत्साहन गरिनुपर्छ ।' रासस

# 'सङ्कटमा कुसुन्डा परिवार सरकारसँग संरक्षणको आस'

**गोरखा।**

अचेल किसानलाई माना रोपेर मुरी उब्जाउने चटारो छ । कोही धान रोपाइँमा, कोही कोदो रोपाइँमा त कोही मकै भित्र्याउनमा व्यस्त । गोरखा नगरपालिका–११ तेह्रकिलो बजारभन्दा दुई कान्ला तल सानो टहरोमा बस्ने ५५ वर्षीय चेतबहादुर कुसुन्डालाई भने न रोपाइँको ध्याउन्न, न त बारीमा मकै सुक्ला भन्ने पीर।

आफूजस्तै दिनरात श्रम गरेर खाने दौँतरीसँग उहाँको समय बित्छ । लोपोन्मुख भनेर चिनिने कुसुन्डा जातिको गोरखामा एउटा मात्रै घर छ। चेतबहादुर छिमेकीले दिएको तीन आना जग्गामा एकपाखे घर बनाएर आफ्ना दुई छोरा, बुहारी र नातिनातिनीसँग बस्छन । सम्पत्तिको नाममा घरले चर्चेको यही जग्गा हो उहाँको । त्यसले असार, साउन आए पो के, कात्तिक, मङ्सिर आए पो के !

'योभन्दा बाहेक टेक्ने जग्गा पनि छैन। सम्पत्ति भने पनि जे भने पनि यही अरूले दिएको जग्गा हो । यसैमा सरकारले बनाइदिएको सानो घर र दुईचारवटा कुखुरा छन् । कुखुरा पनि थुनेर पाल्छौँ । नत्र अरूको जग्गामा गइहाल्छन', कुसुन्डाले भने।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुसुन्डा समुदायको जनसङ्ख्या २५६ मात्रै छ । यसैमा पर्छ चेतबहादुरको आठ सदस्यीय परिवार । उनको परिवार विगत ४५ वर्षदेखि गोनपा–११ स्थित तेह्रकिलोमा बसोबास गर्दै हो । विसं २०३८ मा आफ्नी आमा सुमित्रा वनकीरानी कुसुन्डासँग तेह्रकिलो आएको चेतबहादुरलाई हिजै हो जस्तो लाग्छ । उनि आफू ११ वर्षको हुँदा पालुङटारको खोप्लाङबाट झिटीझाम्टो बोकेर तेह्रकिलो आएको सम्झना सुनाए । '१० वर्षको हुँदा बा बिते, भोकले लखतरान हुँदै जुठो बारेको याद छ । बा'को काजकिरिया सकेपछि आमाले खोप्लाङमा भएको झिटी आठ हजारमा बेचेर यहाँ आएका हौँ', चेतबहादुरले भने, 'यहाँ पनि बिरालोले बच्चा सारेजस्तो, कहिले यता, कहिले उता । सायद यो तेह्रकिलो बजारमा हामी नबसेको घरै छैन। अब अरूको घरमा भाडा गरेर बसेपछि 'छोड्दे, अन्तै जा'भनेपछि जानै प¥यो !' आमा सुमित्रा वनकिरानीले आफू र दुई छोरीलाई कहिले यता, कहिले उता सारेको कष्टकर दिनको सम्झिँदा चेतबहादुर अहिले पनि गम्भीर बन्छन। दिदीबहिनी दुवैले तेह्रकिलोबजारमा बिहे गरेकाले आफूहरू पनि दिदीबहिनी नजिकै बस्न आएको उनले सुनाए। 'दुवै जनाले क्षेत्रीसँग बिहे गरे । दिदीको बुढा ड्राइभर थिए, हामी पनि दिदीकै रेखदेखमा यही बस्न आयौँ। यहाँ आएको केही समय म पनि भेनाकै पछि लागेर खलासीको काम गरेँ', चेतबहादुरले भने।

खोप्लाङ छोडेर तेह्रकिलो झरेको केही समयपछि आफूहरू नवलपरासी पनि पुगेको उनले बताए । 'यहाँ बस्न आएको केही समयपछि आमाले कताबाट त्यहाँ सरकारी जग्गा मिल्छ भन्ने सुनेछन् । हामी आमाछोरा नै जग्गा पाउने आसमा त्यही गयौँ । जग्गा त केको मिल्थ्यो बरु उल्टै दुःख मिल्यो। आमाले अरूको घरमा काम गर्थिन् । सानो झुप्रो हालेर बसेका थियौँ। मलाई भने त्यहाँ खासै बस्न मन लागेन अनि एक वर्षपछि तेह्रकिलोमै फर्किएँ । आमा पनि म यहाँ आएको केही वर्षपछि फर्किइन', चेतबहादुरले भने।

उनले २०–२२ वर्षको उमेरमा नजिकै पन्ध्रकिलो बस्ने कमला घर्तीसँग बिहे गरे । बिहेपछि दुईपटक कतार र एक पटक साउदी पनि पुगे । उनका दुई भाइछोरा र एक छोरी छन्। जेठो छोरो ३२ वर्षीय अनिल कुसुन्डा हाल ड्राइभर छन । अनिलले भच्चेककी बिमाया गुरुङसँग बिहे गरेका छन । उनको दुईभाइ छोरा छन्।

छोरी अनिता कुसुन्डाले तेह्रकिलोमै बिहे गरेका छन । कान्छो छोरो २८ वर्षीय अशोक कुसुन्डा हाल वैदेशिक रोजगारीमा छन। भोगटेनीकी आशा गुरुङसँग विवाह गरेका अशोकका एक छोरा र एक छोरी छन्।

आफ्ना तीनैजना छोराछोरीले ४–५ कक्षा पढ्दै छोडेको उनले बताए । 'नपढ्नेलाई जति कराए पनि लाग्दैन रहेछ । सानैमा बिहे गरेर अहिले छोराछोरीको धनी भएका छन', चेतबहादुरले भने, 'म पनि अक्षर चिन्दिनँ। छोराछोरीले के पढ्थे।'

चेतबहादुरकी श्रीमतीको भने मृत्यु भइसकेको छ। 'बुडिया बितेको त चार वर्ष भयो । आमा पनि पोहोरको चैतमा खसेकी हन, उनले भने, 'आफन्तका नाममा दिदीबहिनी र ससुराली छन् । आमाको माइती लमजुङको भोटेओडार हो । मावली टाढा भयो, आउजाउ छैन।'

आफू १० वर्षको हुँदा बितेका बुबा गनबहादुर कुसुन्डा को थिए ? कहाँबाट आएका थिए ? र उहाँको परिवार को हुन् भन्नेबारे चेतबहादुर बेखबर छन। उनलाई न कुसुन्डाको भाषा थाहा छ, न रीतिरिवाज, न त वेशभूषा नै । उनले अन्यत्रका कुसुन्डा समुदायसँग चिनजान, आउजाउ पनि गरेका छैन । गोरखा दरबार सङ्ग्रहालयमा आफ्नो जातिको डमी राखेको देखपछि आफू खुसी हुने गरेको उनको भनाइ छ।

'अन्ततिरको कुसुन्डाहरूले त आफ्नै भाषा बोल्छन् रे भन्ने सुनेको छु। अब हामीलाई त केही थाहा छैन । बाउबाजेसँग सङ्गत भएको भए पो आफ्नो जात, धर्म, संस्कृतिबारे केही थाहा हुन्थ्यो होला', उनले भने । आफूहरूले अरू हिन्दूसरह नै सबै चाडपर्व मनाउँदै आएको चेतबहादुरले बताए।

उनि भन्छन, 'दसैँ, तिहार सबै मनाउँछौँ। अरूले जस्तै हरेक वर्ष वायु पूजा, कुलायन पूजा पनि गर्छौं । हाम्रो कुलायन पूजामाचाहिँ भाले चढाउनु पर्छ ।'सरकारले उनको आठ जना परिवारलाई प्रतिव्यक्ति मासिक चार हजारका दरले भत्ता दिँदै आएको छ । हाल बस्दै आएको एकपाखे घर पनि जनता आवास कार्यक्रमअन्तर्गत निर्माण भएको हो । अब सरकारले लोपोन्मुख कुसुन्डा जातिको उत्थान र संरक्षणका लागि थप कार्यक्रम ल्याउनुपर्ने चेतबहादुरको भनाइ छ। सरकारले आफूहरूको लागि उचित बासस्थानको व्यवस्था मिलाउनुपर्ने उनको माग छ।रासस

# अपरेशनपछि तीन घण्टामै सुत्केरीको मृत्यु
## पाँच सदस्यीय छानबिन समिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रादेशिक अस्पताल जनकपुरधाममा बच्चा जन्माएको केही घण्टामै एक सुत्केरी महिलाको मृत्यु भएपछि अस्पताल प्रशासन र परिवारबीच आरोप–प्रत्यारोप शुरु भएको छ । सिरहाको कल्याणपुर नगरपालिका–१, सनचिरैयाकी २३ वर्षीया अर्चना कुमार मण्डलको बुधवार राति सुत्केरी भएपछि मृत्यु भएको हो । परिवारजनका अनुसार करारमा नियुक्त चिकित्सकको लापरबाहीका कारण अपरेशनबाट बच्चा जन्मेको तीन घण्टामै अर्चनाको ज्यान गएको हो । मृतकका श्रीमान् दीपेन्द्र मण्डलले पत्नीको प्रसूति ढिला भएपछि अस्पतालमा भर्ना गराएर चिकित्सकको सुझावअनुसार अपरेशन गरिएको बताए । 'अपरेशनपछि छोरी जन्मिएकी थिइन्, तर केही घण्टामै श्रीमती गुमाउनु पर्यो ।

हामीले यसलाई गम्भीर लापरबाही मान्छौं,' उनले गुनासो गरे । तर, प्रादेशिक अस्पताल जनकपुरले भने चिकित्सकको लापरबाहीको आरोप अस्वीकार गरेको छ । मेडिकल सुपरिटेन्डेन्ट डा. जामुन प्रसाद सिंहले अर्चनाको मृत्यु श्वासप्रश्वासमा समस्या आउँदा भएको दाबी गरे । 'अपरेशनपछि श्वास लिन कठिनाइ भयो, त्यसकै कारण मृत्यु भएको हो,' सिंहले भने । यस घटनापछि पीडित पक्षको मागअनुसार प्रहरीले छानबिन समिति गठन गरेको छ । मेसु सिंहको संयोजकत्वमा बनेको पाँच सदस्यीय समितिमा स्वास्थ्य मन्त्रालयका प्रतिनिधि, मृतक परिवारका दुई जना प्रतिनिधि र एक विज्ञ सामेल छन् । समितिको सहमतिपछि मृतकको पोस्टमार्टम प्रक्रिया अगाडि बढाइएको अस्पतालले जनाएको छ । सुत्केरी मृत्युका घटनाहरू मधेश प्रदेशमा बारम्बार हुने क्रम रोकिएको छैन । स्वास्थ्यकर्मीको लापरबाही, ढिलो उपचार र स्वास्थ्य संरचनाको कमजोरी यसका प्रमुख कारणका रूपमा देखिन्छन् ।




# मधेशमा दिगो पानी व्यवस्थापनका लागि
## भारतीय जल शक्ति मन्त्रालयको टोली सक्रिय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहसँग भारतको जल शक्ति मन्त्रालयका प्राविधिक विज्ञहरूको टोलीले बिहीबार भेटघाट गरेको छ । बिहान भएको भेटमा भारतीय तीन सदस्यीय प्रतिनिधिमण्डलले प्रदेशको भूगर्भीय पानीको अवस्थाको विस्तृत मूल्याङ्कन गर्न तथा पानीको अभाव समाधानका उपायहरूबारे सुझाव दिने योजना प्रस्तुत गरेको छ । प्रतिनिधिमण्डलमा जल शक्ति मन्त्रालयका प्राविधिक विज्ञ आशिष पाण्डे, जगदम्बा प्रसाद र प्रशान्त राय सहभागी थिए । उनीहरूले आगामी दिनमा मधेश प्रदेशका विभिन्न जिल्लामा पुगेर भू–जल सम्बन्धी आवश्यक अनुसन्धान गर्ने बताए । मुख्यमन्त्री सिंहले प्रतिनिधिमण्डलको अनुसन्धान तथा सुझावले प्रदेशमा दिगो पानी व्यवस्थापन र भू–जल संरक्षणमा महत्त्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गरे । उनले जल अभावको दीर्घकालीन समाधानका लागि वैज्ञानिक अनुसन्धान र अन्तरदेशीय सहकार्य अपरिहार्य भएको उल्लेख गरे ।

# भ्रष्टाचार प्रकरणमा निलम्बित नगरप्रमुख
## थापासहित तीन जनालाई कैद



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्वोच्च अदालतले सर्लाहीको बागमती नगरपालिकामा ३० करोड २९ लाख ३४ हजार ८९७ रुपैयाँ ४० पैसा बराबरको नदीजन्य पदार्थ हिनामिना गरेको ठहर गर्दै तीन जनालाई आठ वर्ष कैद र १० करोडभन्दा बढी जरिवाना सजाय सुनाएको छ । न्यायाधीश टेक नारायण कुँवर तथा मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको संयुक्त इजलासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बागमती नगरपालिकाका निलम्बित नगरप्रमुख भरत कुमार थापा, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमल कुमार पोखरेल र सागर पौडेललाई दोषी ठहर गर्दै सजाय निर्धारण गरेको हो ।

अदालतले ठहर भएको बिगोअनुसार भ्रष्टाचार निवारण ऐनको दफा ३ को उपदफा (१०) बमोजिम प्रतिवादीहरूलाई जनही १० करोड ९ लाख ७८ हजार २९९ रुपैयाँ १३ पैसाको जरिवाना र बिगो रकम असुल गर्ने आदेश दिएको छ । साथै, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) अनुसार प्रतिवादीहरूबाट जनही ४० लाख ३९ हजार १३१ रुपैयाँ ९७ पैसा पीडित राहत कोषमा जम्मा गर्नुपर्ने आदेश पनि गरिएको छ । निर्णयअनुसार, तीनै प्रतिवादीलाई कैद सजाय आठ वर्ष कायम गरिएको छ । अदालतले बिगो रकमको परिमाण, जरिवाना र असुलीको आवश्यकता तथा दिगो सजायको उद्देश्यलाई विचार गर्दै यो सजाय पर्याप्त ठानेको हो ।

# ८८ वर्षीय वृद्धको हत्या
## आरोपमा दुई जना पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिका–११, आमटोलका ८८ वर्षीय फनिलाल यादवको हत्या आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका–२ भवानीपुरका ३३ वर्षीय महेश चौधरी र १९ वर्षीय प्रशान्त मण्डल रहेका छन् । सिरहाका प्रहरी प्रमुख एसपी अनन्तराम शर्माका अनुसार दुवै जनाले चोरी गर्ने उद्देश्यले वृद्धको घरमा प्रवेश गरेका थिए । घरभित्र पसेपछि वृद्ध यादवले हल्ला गर्न थालेपछि उनीहरूलाई नियन्त्रणमा लिन चौधरीले खुकुरी प्रहार गरेको अनुसन्धानबाट खुलेको छ । घटनास्थलबाट खुकुरी र एक जोडी चप्पल बरामद भएको प्रहरीले जनाएको छ । फनिलाल यादवको साउन १४ गते हत्या भएको थियो । अनुसन्धानको क्रममा प्रहरीले वरिपरिको सीसीटीभी फुटेजको विश्लेषण गर्दै घटनास्थलमा भेटिएको चप्पलको सुराकीका आधारमा अनुसन्धान अघि बढाएको थियो । सोही क्रममा साउन २३ गते प्रशान्त मण्डल पक्राउ परे । मण्डलको बयानका आधारमा मुख्य आरोपित महेश चौधरीलाई साउन २७ गते नियन्त्रणमा लिइयो । घटनामा इलाका प्रहरी कार्यालय लहान, जिल्ला प्रहरी कार्यालय सिरहा, मधेश प्रदेश प्रहरी र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) समेतको संयुक्त टोलीले अनुसन्धान गरिरहेको एसपी शर्माले जानकारी दिए । जिल्ला अदालत सिरहाबाट कर्तव्य ज्यान कसुरमा दुवै अभियुक्तमाथि ७ दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# स्यालो ट्युबवेलका लागि २४ हजार
## ७ सय ७४ किसानको आवेदन

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा स्यालो ट्युबवेलका लागि २४ हजार ७ सय ७४ किसानले आवेदन दिएका छन् । सरकारले जनताको आवश्यकता र प्राथमिकताका आधारमा १२ सय जति स्यालो ट्युबवेल वितरण गर्ने योजना बनाए पनि आवेदन अत्यधिक परेपछि बजेट अभावमा हालका लागि कार्यक्रम नै होल्ड भएको छ । मधेश प्रदेश सरकार अन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १८ करोड रुपैयाँको लागतमा 'सुक्खा क्षेत्र सहयोग कार्यक्रम'मार्फत प्रदेशका किसानलाई स्यालो ट्युबवेल उपलब्ध गराउने योजना ल्याएको हो। ट्युबवेल वितरणका लागि मन्त्रालयले सातदिने सूचनासमेत प्रकाशित गरेको थियो ।

ट्युबवेल पाउन इच्छुक किसानले कम्तीमा दुई बिघा खेतीयोग्य जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा बुझाउनुपर्ने सर्त बनाइएको थियो ।

मन्त्रालयको सोही प्रावधान अनुसार प्रदेशका आठै जिल्लाका किसानले आवेदन दिएका हुन् । स्यालो ट्युबवेलका लागि सबैभन्दा बढी धनुषाका ४ हजार ६४५ किसानले आवेदन दिएका छन् । त्यसैगरी, रौतहटबाट ३ हजार ९२२, सप्तरीबाट ३ हजार ८१, पर्साबाट ३ हजार ४४, सिरहाबाट २ हजार ७४४, बाराबाट २ हजार ३९१, महोत्तरीबाट २५ सय ८५ र सर्लाहीबार २३ सय ६२ गरी जम्मा २४ हजार ७७४ जनाले सम्बन्धित कृषि ज्ञान केन्द्रमा आवेदन बुझाएका हुन् ।

एकातर्फ स्यालो ट्युबवेल पाउन किसानको आवेदन अपेक्षाभन्दा तीन गुणा बढी आएको छ भने त्यहीँ अर्कोतर्फ बजेट भने न्यून रहेकाले कामअगाडि बढाउन गाह्रो भएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका कृषि अधिकृत अभिनाश झा बताउँछन् ।

# एनवाईइएफद्वारा अन्तर्राष्ट्रिय
## युवा दिवस मनाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल युवा उद्यमी मञ्च (एनवाईइएफ) वीरगंज च्याप्टरले वीरगंजमा अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रममार्फत मनाएको छ । उक्त अवसरमा बिहान गहवामाई मन्दिर अगाडि आयोजित 'र्याली फर दि नेशन, मेड इन नेपाल र्याली'मा विभिन्न विद्यालय र क्याम्पसका विद्यार्थी, युवा उद्यमी र संस्थाका सदस्यहरू सहभागी थिए । र्यालीले युवामा उद्यमशीलता र राष्ट्रिय पहिचानको संदेश प्रवाह गर्न भूमिका खेलेको आयोजकले बताएको छ । र्यालीपछि नगरसभा गृहमा 'युवा उद्यमी सम्मेलन' आयोजना गरिएको थियो । सम्मेलनमा शिक्षा उद्यमी सरोज ताम्रकारले आइस ब्रेकिङ सेसन सञ्चालन गरे भने मुख्य वक्ता प्रिया सिग्देल र ताम्रकारले उद्यमशीलता, नवप्रर्वतन र अनुभव साझा गरे । सम्मेलनकै अवसरमा मधेश प्रदेशका युवा तथा खेलकुद मन्त्री प्रमोद जयसवाल र एनजीसीका कार्यकारी सदस्य पवित्र गौतमले 'स्टार्टअप क्लिनिक'को शुभारम्भ गरेका थिए । सो क्लिनिकमा युवा उद्यमीहरूको पहिचान, मार्गदर्शन र लगानीका अवसरबारे छलफल गरिएको थियो । पूर्वअध्यक्ष पंकज अग्रवाल र पवित्र गौतमले कार्यक्रममा शुभकामना मन्तव्य पनि व्यक्त गरेका थिए । कार्यक्रममा नविन सोच र समाजमा योगदान पुर्याएका चार जनालाई सम्मानित गरिएको एनवाईइएफ वीरगंज च्याप्टरका अध्यक्ष विश्वासप्रताप साहले जानकारी दिए । कार्यक्रममा मधेश विश्वविद्यालयका उपकूलपति प्रा.डा.दीपक शाक्य, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुबोध गुप्ता, पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, नेकपा एमालेका नेता शम्भु गुप्ता, एनवाईइएफ वीरगंज च्याप्टरका पूर्वअध्यक्ष अनुप अग्रवाल, वीरगंज उद्योग वाणिज्य संघका महासचिव आशीष लाठ, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल लगायतको उपस्थिति रहेको थियो ।

# गोदावरी हस्पिटलमा
## उपचारको क्रममा युवकको मृत्यु, परिवार आक्रोशित

**मधेशद्दटि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित गोदावरी हस्पिटलमा १८ वर्षीय युवकको मृत्यु भएको छ । परिवारजनले अस्पताल र चिकित्सकको लापरबाहीका कारण ज्यान गएको आरोप लगाएका छन् । जनकपुरधामको भ्रमरपुरा चोकमा मोटरसाइकल दुर्घटनामा घाइते भएका असलम साफीलाई प्रारम्भिक उपचारका लागि प्रादेशिक अस्पतालमा लगिएको थियो । तर, परिवारका अनुसार एक सरकारी चिकित्सकले 'कमिशनको लोभ'मा असलमलाई न्यूरो सर्जन नहुने गोदावरी हस्पिटल पठाउन सुझाव दिए । दुर्घटनापछि असलमको टाउकोमा गम्भीर चोट लागेको थियो । तर, न्यूरो सम्बन्धी उपचार आवश्यक भए पनि उनीलाई त्यस्तो सुविधा नहुने अस्पतालमा लैजानु गम्भीर लापरबाही भएको परिवारको दाबी छ । जनकपुरमा न्यूरो हस्पिटल र प्रादेशिक अस्पताल दुवैमा न्यूरो सर्जन डाक्टर उपलब्ध भए पनि घाइतेलाई त्यहाँ नपुर्याई गोदावरी हस्पिटल लैजाने निर्णय विवादास्पद बनेको छ । घटनापछि पीडित परिवार र स्थानीयले अस्पताल परिसरमा केहीबेर हंगामा गरेका थिए । परिवारका अनुसार असलमको मृत्यु भएपछि उपचारमा संलग्न चिकित्सक मोबाइल स्विच अफ गरेर फरार भएका छन् । स्थानीय स्वास्थ्यकर्मीहरूले पनि न्यूरो सर्जनको आवश्यकता हुने अवस्थामा असम्बन्धित अस्पतालमा लैजानु चिकित्सा नैतिकताको उल्लंघन भएको टिप्पणी गरेका छन् । उनीहरूको भनाइमा दुर्घटनाका घाइतेलाई शीघ्र र उचित विशेषज्ञ उपचार नपाउँदा मृत्यु हुने जोखिम अत्यधिक हुन्छ । परिवारजनले दोषी चिकित्सकविरुद्ध कानुनी कारबाही र पीडितका लागि न्यायको माग गरेका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन